मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

- रामकुमार एलन - रामायणसँग जोडिएको नेपालमै एकमात्र राक्सिराङस्थित सीता–त्रिजटा अशोकबाटिका
- सुदीप राउत - आँपको सुवासमा मगमगाएको सिरहा
- सुजित महत- साइबर कानून फुकाल, सम्बद्ध कानून लगाऊ–बनाऊ
- कमल खत्री - विषादी औषधि होइन भन्ने वास्तविकता बुझ्दै किसान
- प्रगति ढकाल - देशको पहिलो 'फ्लाई ओभर'
- स्थानीय तहकैं प्रदेशक क्षेत्राधिकारभित्ते अनबाक चाही
- उपल्लो मुस्ताङमा सेटलाइट कृषि फार्म

वर्ष ३ ● अंक २१८ ● २०८२ साल असार ०७ गते शनिबार ● Saturday 21, June 2025 ● सूर्योदय: बिहान ५:१२ बजे ● सूर्यास्त: साँझ ७:०२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# बजेट पारितलगत्तै मुख्यमन्त्री बदल्ने कांग्रेसको तयारी


सतिश कुमार सिंह, मुख्यमन्त्री


कृष्णप्रसाद यादव, संसदीय दलका नेता, नेपाली कांग्रेस

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनमत पार्टीको नेतृत्वमा गठन भएको मधेश प्रदेश सरकारको बजेट पारितलगत्तै नेतृत्व परिवर्तन हुने संकेत गरेको छ । मधेश सरकारले ल्याएको बजेट र नीति तथा कार्यक्रम बढी एनजिओमुखी भएको भन्दै सरकारको सबैतिरबाट सर्वाधिक आलोचना भइरहेको छ । अरु भन्दा फरक गर्न खोज्ने भनेर चुनिएको जनमत नेतृत्वको सत्ता पनि 'अरु जोगीजस्तै कानै चिरेको' परेको भन्दै आलोचना भइरहेको छ । मधेश प्रदेशमा सरकारमा सहभागी दलहरुबीचमै बजेट र नीति तथा कार्यक्रममा एकमत हुन सकेको छैन ।

जनमत पार्टी नेतृत्वमा सरकारमा सहभागी मधेश सभाकै दूला दलका मन्त्रीहरुको पनि कम्ती आलोचना भइरहेको छैन । यसको असर असारे झरीले मौसम फेबदल गरेजस्तै बजेटपछि मधेश सरकारमा फेरबदलको बादल मडारिन थालेको संकेत गरेको छ । मधेशमा सबै भन्दा ठूलो दलको रुपमा रहको नेकपा एमालेका मन्त्रीको धेरै आलोचना भइरहँदा अर्को ठूलो दल नेपाली कांग्रेस त पछिल्लो ६ महिनादेखि 'अब हाम्रो सरकार' भन्दै भाकेर बसिरहेको पार्टी हो । अर्थ मन्त्रालय नपाए सरकारमै नजाने भनेर जनमतलाई धम्काएर सरकारमा सहभागी भएको कांग्रेस अहिले पनि बजेट पारित गरेर सरकारको नेतृत्व गर्न खुट्टा उचालेर बसेको छ ।

नेकपा एमालेले नेतृत्व गरिरहेको हरेक मन्त्रालयमा अहिले योजनाको खरिद बिक्रीदेखि विभिन्न निकायमा भएको राजनीतिक नियुक्तिमा रकमको चलखेल भएको देखिएको छ । नेकपा एमालेका मन्त्रीहरुमध्ये गृह, सञ्चार तथा कानून मन्त्रालयमा समेत रकमको चलखलेख गरेर राजनीतिक नियुक्ति भएको भन्दै पार्टीको बैठकमा समेत चर्चा भएको छ । मिडिया काउन्सिल र प्राधिकरणको नियुक्तिमा मन्त्रीले रकम लिएको भन्दै बैठकमा आलोचना भएको बताइएको छ ।

नेकपा एमालेको कुनै पनि मन्त्रीले प्रदेशमा राम्रो काम गर्न नसकेको भन्दै पार्टीवृत्तभित्र समेत आलोचना भइरहेको छ । मुख्यमन्त्री सतिश कुमार सिंहको नेतृत्वमा रहेको अधिकांस मन्त्रीले योजनामा कमिसन लिएर अनियमतिता गरिरहेको भन्दै खुलेयाम चर्चाको विषय भइरहँदासमेत सरकारको नेतृत्व गरिरहेको मुख्यमन्त्री सिंह गठबन्धन दलको सहमतिको कारणले चुप लागेर बस्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ । बजेट प्रस्तुत गर्दासमेत गलत अंक उल्लेख गरिएपछि अर्थ मन्त्रालयको सचिवसम्मलाई कारबाही गर्न नसकेको अवस्थाले समेत मुख्यमन्त्री सिंहको निरीहता देखिएको छ । बाहिर ठूला कुरा गरे पनि आफ्नै सरकारमा रहेका गलत कार्यको साक्षी बनेर बस्नुपर्ने उनको बाध्यता छ ।

यता बजेट पारित भएलगत्तै मुख्यमन्त्री सिंहलाई हटाउने तयारीमा नेपाली कांग्रेस लागेको छ । नेपाली कांग्रेसका मुख्य सचेतक कँुवरकान्त झाले आफूहरुसँग भएको सहमतिअनुसार अब सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउनुपर्नेमा जोड दिइने बताए । उनले बजेट पारित भएपछि राजनीतिक सहमतिको इमान्दारिताअनुसार सरकारको नेतृत्व कांग्रेसले पाउनुपर्नेमा उनको कथन रहेको छ । उनले भने, 'मधेश सरकार निर्माण हुँदाबखत नै जनमतले सरकारको नेतृत्व गर्ने र त्यसपछि नेपाली कांग्रेस अन्तिमले नेकपा एमालेले सरकारको नेतृत्व पाउने सहमति भएको छ । सोही सहमतिअनुसार बजेट पारित भएपछि मुख्यमन्त्री सिंहले राजीनामा दिने र नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्ने छ ।

झाले राजनीतिमा सहमति र इमान्दारिता कायम हुनु पर्ने बताए । उनले सोहीअनुसार अब नेपाली कांग्रेसले सरकारको नेतृत्व पाउने छ । यता नेकपा एमाले र लोसपाभित्र देखिएको असन्तुष्टि मिलाउनसमेत सरकार नफेरिए मन्त्री परिवर्तनको चर्चा छ । अहिले भएका मन्त्रीहरु फर्काएर अरुलाई पालो दिइने बताइएको छ । जेठ २६ गते मधेश आएका नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले समेत अब मधेशमा कांग्रेसको सरकार बन्ने बताएका थिए । यसअघि मधेश आएका नेताहरु विश्वप्रकाश शर्मादेखि सबैले मधेशमा कांग्रेस नेतृत्वमा सरकार बन्ने बताएका ६ महिना भएको छ । यसपटक भने साउनमा सरकार परिवर्तन हुने र कांग्रेसले सरकारको नेतृत्व गर्ने भनेको छ । कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री हुने लगभग निश्चित छ ।

# निमित्त अधिकृत पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रबार बिहान पक्राउ गरेको छ । काठमाडौँको टंगालस्थित आयोगको टोलीले श्रीवास्तवलाई भ्रष्टाचारको आरोपमा नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रले टेलिफोन संवादमार्फत श्रीवास्तवको पक्राउ पुष्टि गरे । श्रीवास्तवमाथि पर्सा जिल्लाको पोखरिया र बहुदरमाई नगरपालिकामा विभिन्न योजना, खरिद आदेश तथा ठेक्का प्रक्रियामा अनियमितता गर्दै गैरकानूनी रूपमा घुस लिएको गम्भीर आरोप लागेको छ । अनुसन्धानक्रममा उनले सार्वजनिक पदको दुरुपयोग गर्दै व्यक्तिगत लाभका लागि रकम मागेको र लिएको ठोस प्रमाण फेला परेको अख्तियारले जनाएको छ । श्रीवास्तवविरुद्ध कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको छ । आयोगले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउँदै यस्ता गतिविधिमा संलग्न व्यक्तिमाथि कडाइका साथ कारबाही गरिने चेतावनी दिएको छ । घटनाले स्थानीय तहमा पारदर्शिता र जबाफदेहिताको सवाललाई पुनः सतहमा ल्याएको छ ।

# 'खुला सिमानाबाट आतंकवादी नेपाल घुसे'




**मधेशदृष्टि**
**नेपालगंज ।**
राष्ट्रिय एकता अभियानले लुम्बिनी प्रदेशको नेपालगंजमा 'पाकिस्तानी जेहादी आतंकवाद र नेपालको सुरक्षा चुनौती' विषयक बहस गरेको छ । बहसका वक्ताहरुले भारत–नेपाल खुला सिमानाको दुरुपयोग गर्दै पाकिस्तान समर्थित आतंकवादी समूहले नेपाललाई आन्तरिक सुरक्षा चुनौती बनाएको बताए । राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले पाकिस्तानी आतंककारी गतिविधिविरुद्ध नेपाल सतर्क रहनु पर्ने आवश्यकतामा जोड दिए ।

अभियानका संगठन महामन्त्री हर्क स्वार एवम् केन्द्रीय सदस्य बम बहादुर शाही, पार्वती अर्यालले आतंकवादको बदलिँदो रूप र त्यसको क्षेत्रीय प्रभावबारे धारणा राखे । वक्ताहरुले सन् १९८० को दशकदेखि नै पाकिस्तानको गुप्तचर संस्था आइएसआइले भारतको कश्मीरमा आतंक फैलाउन नेपालभित्र घुसपैठ र आर्थिक, धार्मिक नेटवर्क निर्माण गरेको प्रमाणसहित चर्चा गरे । नेपाल भारत खुला सीमाको दुरुपयोग गर्दै पाकिस्तानी आतंकी सञ्जालले नेपालको धर्मिक सहिष्णुता, सामाजिक सद्भाव र अन्तर्राष्ट्रिय छविमाथि प्रश्न खडा गरिरहेको उनीहरूको ठहर थियो ।

'नेपालमा आतंकवादको स्थायी शृंखला नबनाओस् भन्ने हाम्रो साझा जिम्मेवारी हो,' यादवले भने, 'अब हामीले खुलारूपमा विश्व समुदायसामु आवाज उठाउनु पर्छ कि नेपाल पाकिस्तानी आतंकको भुँइचालो बन्ने छैन ।'

उनले आतंककारी अब्दुल करिम टुण्डा, सैफुल्लाह, यासिन भटकलजस्ता कुख्यात आतङ्ककारीले नेपाललाई लुक्ने, योजना बनाउने र पासपोर्ट परिवर्तन गर्ने सुरक्षाविहीन स्थल बनाएको ऐतिहासिक घटना स्मरण गराए । नेपाल प्रहरीले यिनलाई पक्राउ गरे पनि नेपालभित्र यस्तो आतंकी उपस्थिति हुनु नै राष्ट्रिय सुरक्षाको गम्भीर चुनौती भएको यादवको तर्क थियो । कार्यक्रममा सहभागी वक्ताले पछिल्लो समय जम्मु–कश्मीरको पहलगाममा नेपाली युवक सुदीप नेउपानेको हत्या पाकिस्तान–प्रेरित आतंकवादको एक नमूना भएको टिप्पणी गरे । 'यो एक दुर्घटना मात्र होइन, पाकिस्तानको आतंकवादले नेपालका युवालाई कस्तो प्रकारको खतरा दिन सक्छ भन्ने चेतावनी पनि हो,' यादवले भने । कार्यक्रम स्थानीय वरिष्ठ समाजसेवी जगदीश शुक्लाको अध्यक्षतामा भएको हो ।

# रौतहटमा बजेट किन परेन ?



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य प्रभु साहले सरकारले बजेट पैतृक सम्पत्तिजस्तो गरी वितरण गरेको बताएका छन् । शुक्रबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले विनियोजित बजेटप्रति असन्तुष्टि व्यक्त गरेका हुन् । उनले जनताको पसिनाबाट तिरिएको करलाई समान रुपमा विनियोजन नगरिएको भन्दै आपत्ति जनाए ।

'आज सरकारी बजेट निजीजस्तो भएको छ । जनताले तिरेको कर पसिना हो कि नेताज्यूहरुको पैतृक सम्पत्ति हो भन्ने प्रश्न खडा भएको छ । जसरी पैतृक सम्पत्तिलाई परिवारको सदस्यले भागबन्डा गर्छन्, त्यसैगरी नेताज्यूहरुले भागबण्डा गरेर दुरुपयोग गरिरहेका छन् । किन समान वितरण भएन ? अहिले सबै मन्त्रालयको हेर्ने हो भने त्यही हालत छ,' उनले भने । नेता साहले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट विनियोजनप्रति असन्तुष्टि व्यक्त गरे । उनले भौतिक मन्त्रालयको विनियोजित रकम एक खर्ब ५१ अर्ब रहेको र त्यसलाई १ सय ६५ निर्वाचन क्षेत्रमा बाँड्दा ९१ करोड रुपैयाँ भन्दा एक निर्वाचन क्षेत्रले पाउने बताए । यसरी बजेट पाउने हक ती क्षेत्रका जनतालाई हुने उनको भनाइ छ । 'मेरो क्षेत्रको त्यो हक होला नि ? सबै क्षेत्रका जनताको त्यो समान हक होला नि ? किन परेन ? के त्यो क्षेत्रमा सडक आवश्यक छैन ?,' प्रश्न गर्दै उनले भने ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई जनताले तिरेको राजश्व फिर्ता गर्न सुझाव दिए । जनताको प्रधानमन्त्री बन्नेहरुले यो हदसम्मको बेइमानी गर्न नहुने उनको भनाइ छ ।

'थोरै पनि लाज लाग्छ प्रधानमन्त्रीलाई भने त्यहाँको जनताको राजश्व फिर्ता गर्नुस् । त्यहाँको जनताको तपाईं प्रधानमन्त्री होइन । त्यहाँको मन्त्री पनि होइन । यदि तपाईं सबैको हो भने किन बेइमानी गर्नुभयो ?,' प्रश्न गर्दै नेता साहले भने ।

साथै, यातायातमा बृद्ध, बृद्धा र विद्यार्थीलाई काठमाडौँमा मात्रै छुट उपलब्ध गराइएको उनले बताए । काठमाडौँ बाहिरका नागरिकहरुले पनि यातायातमा छुटको सुविधा पाउनुपर्ने उनले बताए । नेता साहले सरकारी उद्योगहरु घाटामा हुने र निजी उद्योगहरुले चाहिँ कर तिर्नुपर्ने अवस्था रहेको बताए । सरकारी उद्योगहरु सबै घाटामा जाँदा निजी उद्योगसँग कर लिनु उचित नहुने उनको भनाइ छ ।

'म दुई तिहाइको सरकारलाई सोध्न चाहन्छु, तपाईंहरुले खोलेको सरकारी उद्योग घाटामा छ । तपाईंहरुले चलाएको ट्रेन घाटामा छ, तपाईंहरुले उडाएको प्लेन घाटामा छ । सरकारले घाटा गरिराख्न निजी कारोबार गर्ने व्यवसायीसँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ? यदि सरकारको उद्योगमा घाटा छ भने व्यक्तिको उद्योगसँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ? सरकारी हवाई क्षेत्रमा घाटा गरिराख्दा निजी एयरलाइन्ससँग ट्याक्स लिन मिल्छ कि मिल्दैन ?' नेता साहले भने ।

# गढीमाई मन्दिर परिसरमा योग दिवस



**मधेशदृष्टि**
**बारा ।**
अन्तर्राष्ट्रिय योग दिवस २०२५ को अवसरमा भारतीय महावाणिज्यदूतावास, वीरगंजले महागढीमाई नगरपालिकासँगको सहकार्यमा विशेष योग सत्र गरेको छ । सदियौँदेखि धार्मिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्धले गाँसिएको गढीमाई मन्दिर परिसरमा आयोजित कार्यक्रमले भारत र नेपालबीचको मैत्री सम्बन्धलाई अझ प्रगाढ बनाएको आयोजकले बताए ।

कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दनसिंह क्षेत्री प्रमुख अतिथि थिए भने महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र प्रसाद यादव विशिष्ट अतिथि थिए । ६ सयजनाको सहभागिता रहेको योग कार्यक्रममा अधिकांश सहभागी विद्यार्थी थिए । उनीहरूले योगका विभिन्न आसन अभ्यास गर्दै 'एक पृथ्वी, एक स्वास्थ्य' भन्ने नारा आत्मसात् गरेका थिए ।

भारतीय महावाणिज्यदूतावासद्वारा आयोजित पाँचौँ कार्यक्रम हो ।

# बजेट विनियोजनमा विभेद भएको सांसदको गुनासो

**काठमाडौँ ।** सांसदहरुले ठूला दलका शीर्ष नेता र मन्त्रीका जिल्लामा मात्रै आवश्यकभन्दा बढी बजेट विनियोजन गरिएको दाबी गरेका छन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा विभिन्न मन्त्रालयको विनियोजनमाथिको छलफलका क्रममा उनिहरुले समानुपातिक रुपमा बजेट विनियोजन नभएकोमा असहमति प्रकट गरे ।

छलफलमा भाग लिँदै सांसद दीपक गिरीले विनियोजन विधेयकमाथिको छलफलमा भाग लिँदै दाङको टरिगाउँ विमानस्थलको निर्माणका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गरिएकामा असहमति जनाए । उनले सरकारले तीन करोड रुपैयाँ भन्दा कमको बजेट विनियोजन नगर्ने भन्ने व्यवस्था गर्ने भनेर प्रचार गरिएको भएपनि विमानस्थलको जग्गा अधिग्रहणका लागि आवश्यकभन्दा कम बजेट विनियोजन गरेर सांसदहरुको भावनालाई सम्बोधन गर्न नसकेको बताए ।

सांसद मेनकाकुमारी पोखरेलले टरिगाउँ विमानस्थल निर्माणका सम्बन्धमा प्रधानमन्त्रीले नै प्रतिबद्धता र विश्वास दिलाएको भएपनि न्यून बजेट विनियोजन भएको बताईन ।

सांसद पूर्णबहादुर घर्ती मगरले विनियोजन जनपक्षीय र यथार्थपरक नभएको टिप्पणी गरे । उनले सहकारी नियमनका लागि स्थानीय सरकारको सहभागितामा प्रभावकारी संरचना निर्माण गर्नुपर्नेमा जोड दिए ।

सांसद अम्मरबहादुर थापाले बजेट जनपक्षीय र मुलुकको बृहत्तर हितका लागि नभएको धारणा राखे । सांसद रञ्जुकुमारी झाले सबै जिल्लालाई समान रुपमा बजेट विनियोजन गर्न माग गरिन ।

रामप्रकाश चौधरीले मधेस प्रदेशप्रति सङ्घीय सरकारले यथार्थमा आधारित भएर बजेट विनियोजन गर्न नसकेको बताए । सर्लाहीको भौतिक पूर्वाधारका लागि चालु आवको बजेटमा समेत काम नभएको र आगामी आवमा समेत बजेट विनियोजन हुन नसकेको गुनासो गरे ।

सांसद प्रभु साहले सरकारले सञ्चालन गरेको उद्योग व्यवसाय र घाटामा रहँदा निजी व्यवसायी र उद्योगीसँग कर लिन मिल्छ कि मिल्दैन भनेर प्रश्न गरे । सङ्घीय राजधानी जोड्ने राजमार्गहरु बन्दप्राय रहेको र नागरिक समस्यामा रहेको उल्लेख गर्दै उनले सत्ताधारी दलका नेताहरुको जिल्लामा मात्रै विनियोजन गरिएको र सडक निर्माण गरिएको बताए ।

सांसद रामकृष्ण यादवले मन्त्री र ठूला नेताहरुको निर्वाचन क्षेत्रमा मात्रै बजेट केन्द्रित गरेर भेदभाव गरिएकामा सहमति जनाए । सांसद ईश्वरबहादुर रिजालले पर्यटन क्षेत्रको अपार सम्भावना रहेको दोलखामा आशातित बजेट विनियोजन हुन नसकेको बताए ।रासस

# फागुन २० गते १८ स्थानमा निर्वाचनको तयारी

**काठमाडौँ ।** प्रधानमन्त्री केपी शर्मा ओलीसँग निर्वाचन आयोग, नेपालले प्रतिनिधिसभा र प्रदेशसभाको रिक्त दुई स्थान, राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानसहित स्थानीय तहको रिक्त स्थानमा निर्वाचन गर्ने विषयमा आज परामर्श गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री ओलीलाई आयोगका कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरुले भेटेर आगामी कात्तिकको दोस्रो साता प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन गर्न र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानका लागि निर्वाचन तय गर्ने विषयमा छलफल गरेको हो ।

प्रतिनिधिसभाका सदस्यको रुपन्देही क्षेत्र नं. ३ र गण्डकी प्रदेशसभाको मनाङ क्षेत्र नं. १ (२) को रिक्त सदस्यका लागि कात्तिकको दोस्रो साता निर्वाचन गर्ने गरी नेपाल सरकारको परामर्शमा यही असार १६ गतेभित्र आयोगले मिति तोक्ने तयारी गरेको छ । यसैगरी स्थानीय तहमा १३ वटा वडाध्यक्षको पद रिक्त रहेको आयोगले अवगत गराएको छ ।

प्रधानमन्त्री ओलीले निर्वाचनका लागि आयोगले गरेको तयारी अनुसार आवश्यक सहजीकरणका लागि नेपाल सरकारका तर्फबाट सहयोग हुने विश्वास दिलाए । उनले संवत् २०८४ को निर्वाचनका लागि गर्नुपर्ने तयारी पनि गर्दै गर्न आयोगलाई सुझाव पनि दिएका छन् । भेटका अवसरमा आयुक्तहरु डा जानकीकुमारी तुलाधार र सगुनशमशेर जबरा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्चाधिकारीलगायत सहभागी थिए ।रासस

# विपद् जोखिम न्यूनिकरण प्राधिकरण प्रधानमन्त्री कार्यालयअन्तरगत राख्नुपर्ने

**काठमाडौँ ।** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय विपद् जोखिम न्यूनिकरण प्राधिकरण प्रधानमन्त्री कार्यालय अन्तरगत भए यसको प्रभावकारिता झन् बढ्ने बताएका छन् ।

शुक्रबार काठमाडौँमा आयोजित नेपालमा विपद्को अवस्था र पूर्वतयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले प्राधिकरणलाई प्रधानमन्त्री कार्यालय अन्तरगत राखेर आवश्यक ऐन र नियमावलीको व्यवस्था गर्ने हो भने यसले प्रभावकारी बढ्ने बताए ।

उनले भने, 'राष्ट्रिय विपद् जोखिम न्यूनिकरण प्राधिकरण प्रधानमन्त्री कार्यालय अन्तरगत भयो र यसमा कमी रहेको ऐन र नियमावलीको व्यवस्था भयो भने मात्र यसले प्रभावकारी काम गर्न सक्छ भन्ने जुन सुझाव आएको छ त्यो सही हो । मेरो आफ्नै अनुभवले पनि त्यो सही हो भन्ने लागेको छ । यस विषयको संवेदनशिलता र प्राप्त सुझावका आधारमा सरकारको ध्यानाकर्षण पनि गराउने छु र यसले केही न केही प्रत्यक्ष असर गर्ने नै छ ।'

यस्तै, उनले मनसुनको ठूलो खतरा आउने अनुमान भएको हुनाले यसको तयारीलाई तिव्रता दिनको लागि सबै सरकारी, गैर सरकारी, राजनीतिक दल, भातृ संगठन, संघ संस्थाहरु क्रियाशील हुनुपर्ने आवश्यकता रहेको पनि बताए ।रासस

# भिजिट भिसामार्फत कमिसन लिने राजनीतिक संरक्षकमाथि छानबिन जरुरी

**काठमाडौँ ।** राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले भिजिट भिसामार्फत घुस लिएर आफ्नो भाग कति भयो भनेर हिसाब गर्ने राजनीतिक संरक्षकमाथि छानबिन गर्नुपर्ने बताएकी छन् ।

सदन बहिष्कारपछि पत्रकारहरुसँग बोल्दै उनले ऋण नै लिएर भएपनि विदेश जानु पर्छ भन्ने सोच नेपाली युवामा कहाँबाट आयो, यसलाई कसरी समाधान गर्ने भनेर सरकारले सोच्नु पर्दैन् भन्ने उनको प्रश्न थियो ।

उनले संसदीय छानबिन समिति अथवा उच्च स्तरीय न्यायीक समितिको माग जारी रहने जिकिर गरिन् ।

उनले भनिन्, 'सांसदलाई नसुन्ने सरकारले जनताको आवाज के सुन्ला र ? अन्य देशहरुमा दासको रुपमा नेपालीहरु कसरी पुग्छन् भन्दा भिजिट भिसा मार्फत नै हो । त्यस्तो ठाँउमा घुस लिएर आफ्नो भागमा कति पर्यो भनेर हिसाब गर्ने राजनीतिक संरक्षकमाथि छनबिन गराँ भन्दा गरिएन् । कतिसम्म गिरेको नेपाल सरकार । ऋण नै लिएर भएपनि विदेश जानुपर्छ भन्ने सोच नेपाली युवामा कहाँबाट आयो, यसलाई कसरी समाधान गर्ने भनेर सरकारले सोच्नु पर्दैन् ? हाम्रो अडान जारी रहने छ ।'

उनले नेपाल सरकारले रास्वपाको कुरा नसुनेको र विरोधलाई पनि बेवास्था गरेको हुनाले बैठक बहिष्कार गरेको पनि बताइन् ।रासस

# संसदमा प्रतिपक्षीको विरोध प्रधानमन्त्रीको प्रश्नोत्तर प्रभावित

**काठमाडौँ ।** प्रतिनिधिसभाको शुक्रबारको बैठकमा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले विरोध गरेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरुको प्रश्नको जवाफ दिने निर्धारित कार्यक्रम प्रभावित भएको छ ।

सभामुख देवराज घिमिरेले बैठक सुरु भएको घोषणा गरे लगत्तै दुवै दलका सांसद आफ्नो आसनबाट उठेर विरोध जनाउनुभएको थियो । त्यसपछि सभामुख घिमिरेले विरोधमा उभिनुभएका सांसदहरुलाई विनियोजन विधेयकमाथिको छलफल सक्नुपर्ने र प्रश्नउत्तरलगायतका कार्यक्रम अगाडि बढाउनुपर्ने भएकाले त्यसका लागि उपयुक्त वातावरण बनाउन आग्रह गरेका थिए ।

सभामुखको आग्रहलाई अवज्ञा गर्दै दुवै पार्टीका सांसदहरु आफ्नो आसनमा नबसेपछि सभामुखले प्रधानमन्त्री ओलीले सांसदहरुको प्रश्नको जवाफ दिने कार्यक्रम कार्यसूचीबाट हटाइएको जानकारी दिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम सांसदहरुले सोध्नुभएको प्रश्नको जवाफ दिनुहुने कार्यसूची तय भएको थियो । त्यसपछि दुवै दलका सांसद बैठक छोडेर निस्किएका थिए । सदनमा विनियोजन विधेयकमाथिको छलफल भने अघि बढाइएको छ ।

यसैबीच प्रतिनिधिसभाको आजको बैठकमा छलफलका निर्धारित युवा तथा खेलकुद र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको विनियोजन विधेयकमाथिको छलफल हुने कार्यसूची हटाइएको छ । दुवै मन्त्रालयका मन्त्री अनुपस्थित भएपछि उक्त छलफल कार्यसूचीबाट हटाइएको सभामुख घिमिरेले जानकारी दिए ।

प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले आफूहरुसँग सरसल्लाह नगरी कार्यसूचीबाट हटाइएको विषयमा असहमति जनाए । उनले सम्बन्धित मन्त्रीको अनुपस्थितीमा विनियोजन विधेयकमाथिको छलफल अगाडि बढाउन नहुने धारण राखेपछि ती मन्त्रालयमाथिको छलफलको कार्यसूची हटाइएको हो ।

बैठकमा स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले विनियोजन विधेयक, २०८२ अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका छन ।रासस

# तत्कालको आवश्यकतालाई ध्यानमा राखेर विधेयक ल्याउन माग

**काठमाडौँ ।** कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले हटाइएका धाराहरुलाई हालालाई थाँती राख्दै तत्कालको आवश्यकतालाई ध्यानमा राखी विधेयक ल्याउनुपर्ने बताएका छन् ।

शुक्रबार बसेको विधायन व्यवस्थापन समितिको बैठकमा बोल्दै उनले राजनीतिक दलहरुको बिचमा सहमति भएको खण्डमा खास घटनाका लागि विधेयक ल्याउन सक्ने बताएका हुन् ।

उनले भने, 'केही मुद्दाहरु फिर्ता लिनुपर्ने आवश्यकता छ । राजनीतिक दलहरुको बिचमा छलफल भयो भने खास घटनाका लागि विधेयक ल्याउन सक्छौं । हटाएका धाराहरु छाडेर अघि बढ्दा हुन्छ र राजनीतिक दलहरुको बिचमा सहमती भए तत्कालको आवश्यकतालाई ध्यानमा राखेर व्यवस्था गर्न सकिन्छ ।'

आजको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि दफावार छलफल गरिएको थियो ।रासस

# इजरायल र इरानका नेपालीको रजिष्ट्रेसन जारी, चाँडै उद्धार गरिने

**काठमाडौँ ।** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले इजरायल र इरानमा विकसित परिस्थिति अनुसार त्यहाँ रहेका नेपाली नागरिकहरुको सुरक्षा र उद्धारका लागि नेपाल सरकारले सम्भव भएका सबै उपायहरु अवलम्बन गर्ने र नेपाल फर्कन चाहनेहरुलाई उद्धार गर्ने तयारीमा रहेको बताएकी हुन ।

शुक्रबार परराष्ट्र मन्त्रालयमा सम्पन्न श्रम रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँगको संयुक्त बैठकमा मन्त्री डा.राणाले इजरायल र इरानमा जारी रहेको युद्धका कारण उत्पन्न परिस्थिति र त्यसको तयारी बारेमा छलफलका क्रममा सो जानकारी गराएन् ।

मन्त्री डा राणाले परराष्ट्र मन्त्रालयको समन्वयमा इजरायलस्थित नेपाली दुतावासले सक्रिय रुपमा काम गरिरहेको, स्वदेश फर्कन चाहने नेपालीका लागि रजिष्ट्रेसन पनि खुलेको र उहाँहरु स्वदेश फर्कन चाहेमा उद्धारका लागि त्यसको प्रबन्धको तयारीमै सरकार रहेको जानकारी दिए ।

उहाँले भनिन्,'जिटुजी प्रक्रिया अन्तर्गत इजरायल पुगेका नेपालीहरु नेपाल फर्कन वा सुरक्षित स्थानमा जान चाहेमा सोका लागि सहजीकरण गर्नु इजरायलको पनि दायित्व हो । त्यसका लागि सीमा क्षेत्रबाट अन्य मुलुकमा जान सहयोग गरिदिन इजरायल सरकारलाई अनुरोध गरिसकिएको छ । नेपालीहरु स्वदेश फर्कन चाहेमा उहाँहरुको उद्धारका लागि नेपाल सरकार तयारी अवस्थामै छ ।'

बैठकमा श्रममन्त्री शरदसिंह भण्डारीले मन्त्रालय पनि त्यहाँ रहेका नेपालीहरुसँग निरन्तर सम्पर्कमा रहेको र उहाँहरु स्वदेश फर्कन चाहनुभएमा उद्धारको तयारीमा नेपाल सरकार लाग्नुपर्ने बताइन् । उनले हाल इजरायल जाने अन्तिम तयारीमा रहेकाहरुलाई श्रम स्वीकृति नदिइ रोकि राखिएको पनि बताएकी छिन् ।

यही जुन १३ मा इजरायल र इरानबीच युद्ध सुरु भएकै दिन परराष्ट्र मन्त्रालयले विज्ञप्ति मार्फत् दुवै पक्षलाई अधिकतम संयमता अपनाउन र वार्ताद्वारा समस्या समाधान गर्न अपिल गर्दै ती मुलुकमा रहेका नेपालीहरुलाई सम्बन्धित नेपाली राजदुतावासहरुसँग सम्पर्कमा रहन अनुरोध गरेको थियो ।

त्यसपछि जुन १५ मा सम्पर्क विवरण सहितको ट्राभल एड्भाइजरी जारी गरी सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन नेपालीहरुलाई अनुरोध गरिएको थियो ।

ती मुलुकहरुमा हाल हवाई मार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीहरुलाई अनलाइन भिषा उपलब्ध गराउने लगायतका काममा सहजीकरण गरिदिन खाडीस्थित सबै नेपाली नियोगहरुलाई परराष्ट्र मन्त्रालयले गत बुधबार नै निर्देशन दिएको छ ।

साथै मन्त्रालयले अनलाइन पोर्टल खोलेर नेपालीहरुको विवरण लिन सुरु गरेको र उक्त पोर्टलमा हालसम्म ६ सय जनाभन्दा बढीले विवरण दर्ता पनि गराइसकेका छन् । यो क्रम जारी नै छ ।

परराष्ट्र मन्त्रालयले गत बुधबार नै दोश्रो पटक ट्राभल एड्भाइजरी जारी गरेर हाल इजरायल तथा इरानमा रहेका नेपाली नागरिकहरुलाई सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन र नेपालबाट इजरायल र मध्यपूर्वका अन्य मुलुकको भ्रमण नगर्न अनुरोध पनि गरिएको थियो ।

यसै हप्ता नेपालका लागि इजरायलका राजदुत स्मुलिक एरी बाससँग परराष्ट्र मन्त्री डा राणाले भेट गरी नेपाली नागरिकहरुको सुरक्षाको उचित प्रबन्ध मिलाउन इजरायल सरकारलाई अनुरोध गरिन् ।

त्यसैगरी इजरायलस्थित नेपाली राजदुतावास र इरान हेर्ने कतारस्थित नेपाली राजदुतावासलाई सम्बन्धित सरकारी अधिकारीहरु, यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरु र नेपाली समुदायसँग निकटको सम्पर्क स्थापित गर्न र सोका सम्बन्धमा मन्त्रालयलाई 'रियल टाइम रिपोर्टिङ' गर्न निर्देशन दिइएको छ ।

हाल इजरायलमा पाँच हजार ५०० देखि सात हजार नेपाली रहेका र तीमध्ये धेरैजसो तेल अबिब, जेरुसेलम र हाइफामा रहेका छन् । त्यस्तै इरानमा १८ जना नेपाली रहेका छन् ।रासस

# निलो रिबन र कालो लुगामा स्टन्ट जरुरी छैनः बर्तौला

**काठमाडौँ ।** नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भिजिट भिसा प्रकरणमा माओवादीसँग भएको सहमतिबाटै समस्याको समाधान हुने स्पष्ट पारे ।

शुक्रबार संसद् भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै बर्तौलाले संसदीय प्रणालीमा मुख्य विपक्षी दल मुख्य हुने भएकाले माओवादीसँग भएको समझदारी बमोजिम नै सदन अघि बढिरहेको बताए ।

उनले भिजिट भिसा प्रकरणमा प्रमुख प्रतिपक्षीसँग सहमति भइसकेकाले अन्य दलसँग सहमति गर्नु आवश्यक नरहेको बताएका छन् ।

माओवादीसँग भएको सहमति अनुसार भिजिट भिसा प्रकरणको छानबिन अघि बढ्ने भन्दै दल र व्यक्तिपिच्छेसँग सरकारले सम्झौता गर्दै नहिँड्ने बताएका हुन् ।

बर्तौलाले रास्वपाले उठाएका विषयलाई समाधान गर्न सरकारले प्रतिबद्धता जनाइसकेको अवस्थामा निलो रिबन र कालो लुगा लगाएर रास्वपाका सांसदहरुले स्टन्ड गर्न खोजेको जिकिर गरे । संसदीय पद्धतिलाई ग्रहण गर्न रास्वपा असफल देखिएको उनको भनाइ छ ।

उनले भने ' भिजिट भिसा प्रकरणमा माओवादीसँग भएको सहमतिबाटै समस्याको समाधान हुने देखिएको छ । अहिलेको बर्तौलाले संसदीय प्रणालीमा मुख्य विपक्षी दल मुख्य हुने भएकाले माओवादीसँग भएको समझदारी बमोजिम नै सदन अघि बढिरहेको छ । माओवादीसँग भएको सहमति अनुसार भिजिट भिसा प्रकरणको छानबिन अघि बढ्ने भन्दै दल र व्यक्ति पिच्छेसँग सरकारले सम्झौता गर्दै हिड्दैन ।' रास्वपाले उठाएका विषयलाई समाधान गर्न सरकारले प्रतिबद्धता जनाइसकेको अवस्थामा निलो रिबन र कालो लुगा लगाएर रास्वपाका सांसदहरुले स्टन्ड गर्न खोजेको थियो । संसदीय पद्धतिलाई ग्रहण गर्न रास्वपा असफल देखिएको छ । भिजिट भिसा प्रकरणमा प्रमुख प्रतिपक्षीसँग सहमति भइसकेकाले अन्य दलसँग भने सहमति गर्नु आवश्यक छैन ।' रासस

# रामायणसँग जोडिएको नेपालमै एकमात्र राक्सिराङस्थित सीता–त्रिजटा अशोकबाटिका



रामकुमार एलन



बागमती प्रदेशको राजधानी रहेको मकवानपुर जिल्लाको हेटौँडाबाट ३० किलोमिटर पश्चिम मनहरी बजारबाट ८ किलोमिटर उत्तरपूर्व रहेको राक्सिराङ गाउँपालिका वडा नम्बर ३ पलाँसेमा रहेको सीता अशोक बाटिकामा भगवान सीता र त्रिजटाको मूर्ति छ । २०८० असार १८ गते यहाँस्थित सीता र त्रिजटाको मूर्तिमा प्राणप्रतिष्ठा गरिएको हो । यसले पश्चिम मकवानपुरको धार्मिक पर्यटनलाई प्रवद्र्धन गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । जानकी मन्दिर जनकपुरको गर्भगृहबाट ल्याइएको फूलमाला, पाती, प्रसादका साथै धनुषाकै दूधमती नदीबाट ल्याइएको जल सेचनसँगै गंगा सागरमा आरतीमा सहभागी पण्डित दिनेश भण्डारी नै पुगेर यहाँ आरतीसहित प्राणप्रतिष्ठा भएको थियो ।

तर प्रचारप्रसार अभावले यहाँको धार्मिक पर्यटन प्रवद्र्धन सफल हुन सकिरहेको छैन । सीता अशोक बाटिका संरक्षण, सम्बद्र्धनसँगै धार्मिक पर्यटनलाई टेवा दिन सीता अशोक बाटिकामा भगवान सीता र अपहरणकालमा राक्षस बर्गबाट उनलाई रेखदेख गर्न राखिएकी त्रिजटाको मूर्ति स्थापना गरिएको हो । तत्कालीन डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख विष्णु प्रसाद आचार्यले यसका लागि निकै मेहनत गर्नु भएको थियो । इतिहास, सभ्यता र संस्कृतिका साथसाथै समृद्धि जोगाउने अभियान अन्तर्गत यो एक ऐतिहासिक अशोक बाटिकाको प्रकृति र संस्कृतिमा रामायणकालीन सीता र त्रिजटाको मूर्ति राखिएको नेपालमै पहिलो हो । भारतको अयोध्याबाहेक अन्यत्र त्रिजटाको मूर्ति राखिएको छैन । यसैले पनि नेपाल र भारत तथा मधेशका धार्मिक पर्यटकका लागि यो पवित्रस्थलका रुपमा विकास गर्न सकिने सम्भावना देखिएको छ ।

हाल राक्सिराङ गाउँपालिका भनिए पनि पुरानो कटुन्जे पञ्चायतको वडा नम्बर ९ र त्यसपछि सरिखेत पलाँसे गाउँ विकास समितिको केन्द्र रहेको यहाँको अशोक बाटिका एक सय वर्ष भन्दा पुरानो हो । यहाँ सँगै रहेको मन्दिरमा पश्चिम मकवानपुरकै ठूलो धार्मिक मेला लाग्ने गर्दछ । स्यार्सेकालिका (नामटार), कालिका (कालिका) र भरेङकालिका (पलाँसे) मेला मंसिर धान्यपूर्णिमा लाग्ने गर्छ भने बीसौँ हजार भक्तजनको मेलामा सहभागिता हुने गर्दछ । पवित्र मनले मेला भरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको भरेङ कालिका मेलाको इतिहास भएको राक्सिराङ–३ वडाध्यक्ष उत्तम वाइबाले बताउनु भयो । सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठासँगै ५ गौमुख धारा पनि यहाँ निर्माण भएको छ । शताब्दी पुरानो इतिहास भएको अशोक संरक्षण गर्दै यसलाई धार्मिक पर्यटकीय हिसाबले विकास गर्न खोजिएको हो ।

**तामाङले बनाएको त्रिजटाको मूर्ति**

बाटिकामा रहेको पूर्णकदको सीता र त्रिजटाको मूर्ति मकवानपुरगढी–७, सुकौराका हर्कबहादुर ब्लोनले बनाउनु भएको हो । उहाँलाई पनि पलाँसेमा सम्मान गरिएको थियो । नेपालमै नभएको मूर्ति सीताजस्तै देवीका रुपमा निर्माण गर्ने सोच चैं तत्कालीन अभियन्ता डिभिजन वन प्रमुख विष्णुप्रसाद आचार्यको हो । रामायणमा त्रिजटालाई राक्षसकुलका पात्र मात्र भनिएको छ । उहाँको व्यवहार, स्वभाव र आचरणमा कतै पनि राक्षसी गण झल्कँदैन । रामचरित्र मानसमा उल्लेख भए अनुसार सीताले बरोबर 'माता' सम्बोधन गर्नु भएको त्रिजटा र त्रिजटाले पनि सीतालाई देखाउनु भएको माया अनि रामभक्ति स्वभावले उहाँलाई राक्षस, दाह्रानंग्रा भएको अवतारमा देखाउनु उचित नभएको कल्पना गरेर देवीकै स्वरुपमा मूर्ति बनाउन लगाइएको आचार्य बताउनु हुनछ । 'भारतको अयोध्यामा त्रिजटाको मूर्ति छ भन्ने सुनिएको हो, नेपालमा कतै पनि छैन, भारतीय टेलिफिल्महरुमा त्रिजताको त्यति धेरै राक्षसी रुप नेदेखाइएकाले मूर्तिमा पनि राक्षसीरुप देखाउन उचित नलागेर यस्तो मूर्ति बनाउन भनिएको हो,' आचार्यले भन्नुभयो, 'लंकाका राजा रावणको भतिजी भएर पनि त्रिजटाले निभाएको भूमिकाले कतै पनि राक्षस स्वभाव देखिन्न ।' तामाङले साँढे दुई महिना लगाएर मूर्ति निर्माण गर्नु भएको थियो । स्कुले जीवनदेखि मूर्ति बनाउन थाल्नु भएका ब्लोनले २ सय पूर्ण र अर्ध कदको मूर्ति निर्माण गरिसक्नु भएको छ भने त्रिजटाको नेपालमै एक मात्र मूर्ति बनाउनु भएको हो । गंगासागरका आरती पर्ने पण्डित दिनेश भण्डारी, 'क्लिन जनकपुर, ग्रिन जनकपुर,' गंगा सागर सफाइ अभियान्ता सुरेश शर्मा, मिथिला वाइल्डलाइफ ट्रष्टका अध्यक्ष देवनारायण मण्डल, दूधमती नदी संरक्षणका अभियान्ता सुदिप मण्डल पनि त्रिजटा सीता मूर्ति प्राणप्रतिष्ठामा पलाँसे आउनु भएको थियो । बाटिका भएको स्थल भ¥याङ कालिका सामुदायिक वन उपभोक्ता समूहको अधीनमा छ ।

हिन्दू धार्मिक ग्रन्थ अनुसार वनबास जानु भएका भगवान रामपत्नी सीतालाई रावणले अपहरण गरेर लंका पु¥याउनु भएको थियो । अपहरित सीतालाई लंकाको अशोक बाटिकामा राखिंदा उहाँलाई सुरक्षा र रेखदेख गर्न रावण पक्षले त्रिजटा नामकी राक्षसी महिलालाई खटाएको उल्लेख छ । तर, त्रिजटाले सीताको संरक्षण गर्दै सीतामा आत्मविश्वास भर्ने, राम र रावण पक्षको युद्धमा रामपक्षले जितिरहेको खबर दिनेलगायतका सकारात्मक काम गरेको धर्मग्रन्थमा उल्लेख छ । राक्षस बर्गकी भए पनि त्रिजटाले सकारात्मक व्यवहार गरेकाले सीताले पनि त्रिजटालाई 'माता' भनी सम्बोधन गरेको धर्मग्रन्थमा उल्लेख छ ।

**भारतीय हिन्दू भक्तजनलाई आकर्षण**

भारतीय हिन्दू भक्तजनलाई राक्सिराङ गाउँपालिकासम्म आकर्षित गर्न पनि सीता र त्रिजटाको मूर्ति तथा सीता अशोक बाटिकाले महत्वपूर्ण भूमिका खेल्ने अनुमान गरिएको छ । भ¥याङकाली मन्दिर र भ¥याङधाराको बीचमा रहेको सीता अशोक बाटिकामा भगवान सीता र त्रिजटाको मूर्ति बनाइसकेपछि दक्षिणतर्फ रहेको मनहरी र चुर्लिङ खोलाको दोभानस्थित पचभैया डाँडामा श्रीराम, हनुमान र बाँदर सेनाको मूर्तिसमेत निर्माण गर्ने सोचमा यहाँ त्रिजटाको मूर्ति राखिएको हो । यसलाई मधेश प्रदेशको जनकपुरस्थित जानकी मन्दिरसँग पनि जोड्न सकिन्छ । यहाँ त्रिजटा र सीताको मूर्ति माथि रावणको दरबार निर्माण र तल पचभैया जंगलमा राम, लक्ष्मण र बानर सेनाको मूर्ति र पार्क निर्माण गरेर भारतीय पर्यटकलाई समेत आकर्षणका लागि योजना बनाइएको हो । रामायणसँग जोडिएक यस स्थललाई मकवानपुरको मनहरी बजारबाट गएर त्यहाँ एक घण्टा मात्रै धार्मिक क्षेत्र अवलोकन गरेर राख्न सकने धार्मिक पर्यटनमा बढावा पुग्ने देखिन्छ ।

**के हो त्रिजटाको परिचय ?**

त्रिजटा रामायणमा उल्लेख एक पात्र हुन्, उनी रावणको दरबारका मुख्य साध्वी र राक्षसी गण प्रमुख भएको उल्लेख छ । रावणले सीतालाई हरण गरेर लंका दरबार पु¥याउँदा मन्दोदरीले सीताको देखभालको जिम्मा उनै त्रिजटालाई दिएका थिए । राक्षसी गणको भएर पनि त्रिजटाले सीताको हित चिताएर उनको सुरक्षामा बढो ध्यान दिएकी थिइन् ।

रामचरित मानसमा उल्लेख भएका ससाना पात्रामा एक त्रिजटाको महिमा भने राक्षसी गणमा भएर पनि निकै महत्वको छ । सुन्दरकाण्ड र लंका काण्डमा सीता–त्रिजटा संवादका रुपमा उल्लेख भएअनुसार, त्रिजटाको चरित्र तुलसीदासले सकरात्मक ढंगले उल्लेख गर्नु भएको छ । जहाँ बखान गरिएको छः

**त्रिजटा जाम राच्छसी एका ।**
**राम चरण रति निपुन विवेका ।।**

अर्थात् त्रिजटाका चार गुण थिए । एक राक्षसी भएर पनि रामलाई सकारात्मक सोच्ने पात्र थिइन् । व्यवहारिक जीवनमा निपुण थिइन् र विवेकशील भएर काम गर्थिन् । राक्षस गणको भएर पनि रामचरणानुराग, व्यवहार कुशलता एवम् विवेकशीलतालगायतका दिव्य देवोमय गुणले त्रिजटा भरिपूर्ण थिइन् ।

सन्तका अनुसार, त्रिजटाको शिरमा ज्ञान, भक्ति र वैराग्य रुपका तीन जटा थिए । र, उनको नाम नै त्रिजटा भयो । यदाकदा उनलाई विभीषणको छोरी पनि भनेर उल्लेख छ । आमाको नाम शरमा थियो । रावणको भतिजी थिइन् । वंशगुणमा राक्षस र पैत्रिक गुणमा रामभक्ति उनको पहिचान थियो । अपहरित भएर लंका पुगेकी सीताको संरक्षणमा त्रिजटाले अभिभावकीय, संरक्षकीय र प्राणरक्षिकाका भूमिका निभाएको विषय महाभारत र रामायणमा उल्लेख छ । कैयौँपटक त सीताले उनलाई आमा भनेर सम्बोधन गरेकी थिइन् ।

यति मात्र होइन, रामचरित्र मानसमा उल्लेख भए अनुसार, त्रिजटाको घरमा दैनिक रामकथा वाचन हुने गर्दथ्यो । त्रिजटामा मानव–मनोविज्ञानको ज्ञान थियो । सीतालाई सान्त्वना दिएर उनको दुःख घटाउन त्रिजटाले आमासरह भूमिका खेलेकी थिइन् । रामचरित्र मानसमा उल्लेख छः अपहरित सीतालाई निकै पीडा हुन्छ, उनको जलन, छट्पटपछि कालरात्रीमा सीता भन्छिन्, 'म आत्मत्याग गर्न चाहन्छु, चिता बनाएर राखेर मलाई आगो लगाइदिनुहोस् ।' त्रिजटा भन्छिन्, 'राति आगो पाइन्न ।' तिम्रा रामराजा यशवान् छन् भन्दै आएर विनाविघ्न तिमीलाई लैजान्छन् भनेर रामको गुणगान गाएर निरास सीतालाई आशातीत बनाउँछिन् । जब सीतालाई वशीभूत गर्न रावणले भय र त्रासको सहारा लिएका थिए । रावणको यो रुप देखेर त्रिजटाले सपनामा आफूलाई एउटा बाँदरले लंका जलाएको देखिएको र सबै राक्षस सेना मारेको पाइएको छ, यति कि, राजा रावण नांगै गधामा घुमाइएका छन्, शिर छेदन भएको छ । यसैले सबैले सीताजीको सेवा गरेर यो कष्ट कटाउनु पर्छ । यो सुनेर राक्षस गण डराएका थिए । सीताको चरण परेका थिए । त्रिजटा भविष्यद्रस्टाका रुपमा रामचरित्र मानसमा उल्लेख छिन् । ४ सय ३५ दिन सीता लंकामा अपरिहत हुँदा रावणबाट बचाउने काममा हनुमान र त्रिजटाको मुख्य भूमिका थियो ।

**पर्यटकीय हिसाबले विकास गर्दैछौँ**

**उत्तम वाइबा**

**वडाध्यक्ष, राक्सिराङ–३, मकवानपुर**

राक्सिराङको वडा नम्बर ३ पलाँसेमा भरेङ कालिका मन्दिरसँगै सीता त्रिजटा अशोक बाटिका निर्माण भएको छ । रावणले सीता हरण गरेर ल्याएको रावणकालीन दरबार निर्माण र नजिकै चुर्लिङ खोला कटेर पारिको पचभैया डाँडामा रामराज्य कल्पना गरेर राम, लक्ष्मण र वानर सेनाको मूर्ति बनाएर पार्कका रुपमा विकास गर्न खोजेका छौँ, आर्थिक अभावले यो काम भइरहेको छैन । यस्तै, राक्सिराङ–३ मै जलपरी झरना र चमेरे गुफा छ । यो राक्सिराङको प्रमुख पर्यटकीय गन्तव्यमा समेटिएको छ । यहाँ आउनेलाई त्रिजटा पार्कमा जोडेर धार्मिक पर्यटकीय हिसाबले काम गर्न खोजिरहेका छौँ । यस्तै, मनहरी खोला पारि राक्सिराङको वडा नम्बर ५ मा चेपाङ संग्रहालय भएकाले राक्सिराङ आउने जो कोहीलाई पर्यटकीय हिसाबले, धार्मिक हिसाबले र सांस्कृतिक हिसाबले अध्ययन अवलोकन भ्रमणकै रुपमा विकास गर्न हामी क्रियाशील छौँ ।

वैभव मधेशदृष्टि
२०८२ साल असार ७ गते शनिबार
Saturday 21, June 2025

# आँपको सुवासमा मगमगाएको सिरहा



सुदीप राउत

यो आँप पाक्ने याम हो । । सिरहाका बजारमा मात्र होइन सडक किनारका साथै यत्रतत्र आँपैआँपै देखिन्छन् । केही आँप उत्पादक किसान ग्राहकको प्रतीक्षामा भेटिन्छन् भने केहीलाई बेच्न भ्याइनभ्याइ छ । पूर्वपश्चिम राजमार्गस्थित सडक किनारा आँपले छपक्कै ढाकिएका छन् । मालदहलगायत आँपको सुवासले सिरहा मगमगाइरहको छ । हरेक घरको आँगन, बगैँचाको कुना र बजारको छेउमा बगिरहेको आँपको सुगन्ध सिरहाको पहिचान हो । हावामा घुलिएको त्यो सुगन्ध, जुन स्वादमा बदलिन्छ । यही स्वाद अब व्यवसाय, रोजगारी र आत्मनिर्भरताको गाथा बन्न थालेको छ । आँपको राजधानीका रूपमा लिइन्छ सिरहालाई । यद्यपि, यो उपाधि कुनै आधिकारिक निकायले दिएको नभएर जनमानसमा विकसित भएको उपमा हो । सिरहालाई 'आँपको राजधानी' भन्ने चलन यसको बृहत् उत्पादन, समथर भूभाग, गर्मी मौसम, विशिष्ट गुणस्तर र व्यापारिक महत्वजस्ता कारण मुख्य हुनसक्छ । आँप केवल स्वादिलो फलमात्र होइन, यो पोषण, स्वास्थ्य, संस्कृति र अर्थतन्त्रसँग गाँसिएको फल पनि हो । त्यही भएर यसलाई 'फलको राजा' मात्र नभई 'जीवनको फल' पनि मानिन्छ । यसको खेतीमा जीवनयापन गर्ने हजारौँ व्यावसायिक किसानको आशा, मेहनत र भविष्य यसैमा गाँसिएको हुन्छ । आँप केवल स्वाद र सुगन्धको प्रतीकमात्र होइन, यो धेरैका लागि जीवनको आधार पनि हो ।

गोलबजार नगरपालिका–३ स्थित मुसहर्नियाका किसान भरत यादव र निरज सिंहले करिब सय बिघा क्षेत्रफलमा फैलिएको आँपको व्यवस्थित बगैँचा तयार गरेका छन्, जुन अहिले जिल्लाकै सबैभन्दा ठूलो व्यावसायिक आँपखेतीको नमूना बनेको छ । यो बगैँचाले केवल उत्पादनको मात्रामा मात्र योगदान दिएको छैन, जिल्लामा व्यावसायिक आँपखेतीतर्फ किसानको रुचि बढाउने प्रेरणा पनि प्रदान गरेको छ ।

'पहिला परम्परागत रूपमा खेती गर्थ्यौँ, अहिले भने बजार, प्रविधि र व्यवस्थापनमा ध्यान दिएर व्यावसायिक बनाएका छौँ,' किसान निरज सिंहले भन्नुभयो, 'आँपखेतीबाट दैनिक २५ देखि ३० जनाले रोजगारी पाउने गरेका छन् । सिजनमा दुई सयदेखि पाँच सय कार्टुनसम्म आँप टिप्ने, प्याक गर्ने र त्यसलाई काठमाडौँ, पोखरा, वीरगंज, जनकपुरसम्म लैजाने गरेका छौँ ।' बगैँचाबाट हरेक वर्ष लाखौँ रूपैयाँको आँप बिक्री हुने गरेको उहाँको भनाइ छ ।

नेपालमा आँपको मुख्य मौसम सुरू नहुँदै बजार भारतीय आँपले भरिने क्रम यस वर्ष पनि दोहोरिएको किसान सिंहले दुःखेसो पोख्नुभयो । उहाँका अनुसार, जेठको दोस्रो सातादेखि नै नेपालका सहरबजारमा भारतीय आँपको बर्चस्व देखिन्छ, जबकि स्थानीय आँप असारको पहिलो, दोस्रो हप्तामात्र परिपक्व हुन सुरू गर्छन् । 'यसले गर्दा देशभरका व्यावसायिक किसान चिन्तित छन्,' उहाँले भन्नुभयो ।

यहाँका आँप बजारमा आउनुअघि नै सस्तो दरमा भारतीय आँप बग्रेल्ती भित्रिएपछि यहाँका किसान प्रतिस्पर्धामा पछाडि परेका छन् । सिरहाको मुसहर्नियाका व्यावसायिक कृषक भरत यादव भन्नुहुन्छ, 'हामीले मेहनत गरेर आँप उत्पादन गर्यौं, तर भारतीय आयातले हाम्रो उत्पादनलाई बजार नै नदिएपछि ठूलो घाटा सहनुपरेको छ । एकातिर आँपको उत्पादन घटयो, अर्कातर्फ बजार मूल्य उस्तै रह्यो ।'

भारतीय आँप नेपालमा सस्तो मूल्यमा पाइने भए पनि, उपभोक्ताले धेरैजसो अवस्थामा रसायन प्रयोगको डर, कम स्वाद र कम ताजगीजस्ता गुनासो व्यक्त गर्ने गरेका छन् । नेपालमा फलफूल आयातका सम्बन्धमा स्पष्ट नीतिको अभाव, कमजोर सीमास्तर निगरानी र स्थानीय उत्पादनको संरक्षण नहुनु मुख्य कारण मानिन्छ । किसानहरू भन्छन्, 'नेपाल सरकारले कागजमा आत्मनिर्भरता भन्ने नारा लगाउँछ, तर व्यवहारमा किसानको संरक्षण छैन ।'

स्वाद र गुणस्तरमा अब्बल भए पनि स्थानीय आँप उत्पादनले बजारमा भारतीय फलसँग प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेको छ । विदेशी आँप बढी चम्किला, आकर्षक देखिए पनि तीमध्ये धेरैमा अत्यधिक विषादी वा रसायन प्रयोग हुने गरेको खबर सार्वजनिक भइरहन्छन् । लहान–२४ का व्यावसायिक किसान शम्भु चौधरी भन्नुहुन्छ, 'हामीले रोग नियन्त्रणका लागि केही जैविक उपायमात्र अपनाउँछौँ र अत्यधिक विषादी प्रयोग गर्दैनौँ । यसैले हाम्रो आँप स्वादिलो, सुरक्षित र ताजा हुन्छ ।'



### आँप उत्पादनमा सिराहा पहिलो

मधेश प्रदेश आँपखेतीका लागि उर्वरभूमि हो । यहाँको हावापानी, माटो आँप उत्पादनका लागि सुहाउँदो छ । प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लामा व्यावसायिक रूपमै आँपखेती हुँदै आएको छ । आँप उत्पादनमा यो प्रदेशको ७७ प्रतिशतभन्दा बढी योगदान रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका सचिव डा उमेश दाहालको भनाइ छ । मन्त्रालयको तथ्याङ्कानुसार देशभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँपखेती हुन्छ । जसबाट वार्षिक उत्पादन हुने पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँपमा मधेश प्रदेशमा मात्र २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँपखेती हुने गरेको छ । जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ । आँप उत्पादनका दृष्टिले सिराहा सबैभन्दा अगाडि छ । सिराहमा वार्षिक एक लाख चार हजार ६७६ मेट्रिक टन आँप फल्छ भने सप्तरीमा ९६ हजार, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, सर्लाहीमा ३९ हजार ११८, रौतहटमा ६२ हजार ५६१, बारामा १९ हजार २६९ र पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको मन्त्रालयको तथ्याङ्क छ ।

### स्वादमा नामी

नेपालका विभिन्न सहरमा 'लहानको माल्द आँप' भनेर बिक्री हुने आँप स्वादका हिसाबले चर्चित त छ, तर पछिल्लो समय बजारमा ठगी, विषादी प्रयोग र नक्कली 'लेबलिङ'का कारणले यसको बदनामी पनि उत्तिकै बढ्दो छ । लहानकै माल्दको स्वाद पाएकाहरूमाझ भने यो आँप नामी छ ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइ भन्नुहुन्छ, 'लहानकै वास्तविक माल्द आँप खाएका उपभोक्ता यसको मिठास, सुगन्ध र प्राकृतिक रसिलोपनाको खुलेर प्रशंसा गर्छन् । तर बजारमा यही नाममा कम गुणस्तरका, समयअगावै टिपेर पकाइएका वा भारतीय आँप बिक्री हुँदा उपभोक्तामा भ्रम र असन्तुष्टि बढेको छ ।'

राजमार्गको उत्तरी भेगमा पर्ने सिरहाको लहान, धनगढीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाको चुरे क्षेत्रमा सुक्खा जमिनमा फल्ने आँप दक्षिणी भेगमा ओसिलो ठाउँमा फल्ने आँपभन्दा स्वादिलो र मिठो हुन्छ ।

### स्थानीय आँपको 'ब्राण्डिङ'

'लहानको आँप' भनेर अर्कै ठाउँको बेच्ने, एउटा आँप भनेर अर्कै बेच्ने, विषादी प्रयोग गरिएको आँप बेचेर लहानको आँपलाई बदनाम गराउनेलाई निरुत्साहित गरी अग्र्यानिक लहानको आँपको प्रवद्र्धन गर्न लहान नगरपालिकाले विगत दुई वर्षदेखि यहाँको माल्द आँपलाई 'ब्राण्डिङ' गरी काठमाडौँलगायत विभिन्न सहरमा पठाइने गरिएको छ । गाउँगाउँमा किसानले उत्पादन गरेको आँपलाई ब्राण्डिङ, ग्रेडिङ र प्याकेजिङ गर्नाले उपभोक्ता र उत्पादक नठगिने नगरपालिकाका कृषि संयोजक बद्रीनारायण चौधरीले बताउनुभयो । जसअनुसार पहिलो वर्ष ३० मेट्रिक टन र दोस्रो वर्ष ९० मेट्रिक टन आँप 'ब्राण्डिङ' गरी काठमाडौँ, पोखरा, हेटौँडालगायत सहरमा बिक्री गरेको कृषि संयोजक चौधरीले जानकारी दिनुभयो । त्यसैगरी यस वर्षबाट गोलबजारको आँपलाई पनि 'ब्राण्डिङ' गरिएको छ ।

### उत्पादन कम भएपछि गरिएन 'ब्राण्डिङ'

आँपको उत्पादनमा कमी भएपछि यस वर्ष यहाँको आँपलाई 'ब्राण्डिङ' नगरिएको लहान नगरपालिका कृषि शाखाले जनाएको छ । एक वर्ष बिराएर फल्ने आँप गत वर्ष लटरम्म फलेकाले यस वर्ष गत वर्षको तुलनामा उत्पादनमा २० प्रतिशतले कमी आएको छ । जसले गर्दा मागअनुसार पुर्याउन नसक्ने भएकाले यस वर्ष ब्राण्डिङ नगरेको लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले जानकारी दिनुभयो ।

सप्तरीको सुरूङगामाई नगरपालिकाको उत्तरी भेगमा पर्ने श्रीपुर क्षेत्रमा उत्पादन हुने ठूलो परिमाणको आँपको बजार पनि लहान हो । सिरहा जिल्लाभित्र राष्ट्रिय राजमार्गसँग जोडिएको र चुरे क्षेत्रको वातावरण रहेको लहान, गोलबजार, धनगढीमाई, गोलबजार मिर्चैया र कर्जन्हा नगरपालिकाले ५० प्रतिशत अनुदानमा आँपको बिरुवा किसानलाई वितरण गर्ने कार्यक्रम ल्याएपछि आँपखेतीको विस्तार भइरहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठको भनाइ छ ।

### चिस्यान केन्द्र नहुँदा समस्या

विसं २०८१ चैत २६ गते मधेश प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेशको मुख्य फल आँपलाई युरोपलगायत मुलुकमा निर्यात गर्नुपर्ने बताउनुभएको थियो । मधेशको आँपको रसलाई जुसका रूपमा ब्राण्डिङ गरेर मनग्य आम्दानी लिन सकिने प्रधानमन्त्रीको भनाइ थियो । तर आँपको भण्डारण गर्न आवश्यक पर्ने चिस्यान केन्द्र सिरहामा मात्र होइन, मधेश प्रदेशमै छैन ।

चिस्यान केन्द्र निर्माणका लागि स्थानीय तहको स्रोतसाधनले नधान्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरीको भनाइ छ । त्यसका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पटकपटक पहलकदमी गरेता पनि बेवास्ता गरिएको उहाँले गुनासो गर्नुभयो । 'व्यवस्थित चिस्यान केन्द्र भए किसानले आँप भण्डारण गरी मूल्य आएका बेला बेच्न पाउँथे । त्यसका लागि केन्द्र तथा प्रदेश सरकारसमक्ष कुरा राखे पनि अहिलेसम्म प्रगति हुन सकेन । सबैभन्दा बढी आँप उत्पादन हुने क्षेत्रमा चिस्यान केन्द्र नहुनु विडम्बना हो ।'

सरकारले आँपखेती गर्ने व्यावसायिक किसानका लागि चिस्यान केन्द्र, प्रशोधन कारखाना र निर्यातमा सहजीकरण गरिदिए मधेशको आँप अन्तरराष्ट्रिय ब्राण्ड बन्न सक्ने जानकारहरू बताउँछन् । उत्पादन र वितरण दुवै पक्षमा सुधार गर्दै लगियो भने मधेशको आँपखेतीले व्यावसायिक कृषिको क्षेत्रमा आमूल परिवर्तन ल्याउन सक्ने सम्भावना निकै बलियो छ ।

# साइबर कानून फुकाल, सम्बद्ध कानून लगाऊ–बनाऊ



सुजित महत

नागरिक पक्राउ गर्न सत्तासीनहरूले कुनै आइतबार कुर्नै पर्दैन। झन् हाम्रोजस्तो सार्वजनिक संस्थाहरूलाई बलियो बन्नै नदिइएको देशमा सरकार लागेपछि थुनिने–छुट्ने हुन्छ, अझ बढ्नेवाला छ। सार्वजनिक संस्थाहरू नै सरकारको छायामा परिणत देशहरूमा पहुँचवाला जोगिइरहने, अनि निर्धा नागरिक मात्रै थुनिने पनि हुँदैन ।

पोहोर यही बेला म्याडम देउवा र जुनियर देउवालाई तत्कालीन गृहमन्त्री रवि लामिछानेले 'आजै थुन–भोलि नै थुन, थुनिहाल' भनेर आदेश–दबाब दिएको कुरा उहाँहरूलाई तत्कालीन प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, अनि अहिलेका महानिरीक्षक दीपक थापा (उतिबेला उपत्यका प्रहरी कार्यालयका प्रमुख)ले जाहेर गरेकै थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिवादी बनाउन आवश्यक नठानेको टीकापुर जग्गाकाण्डमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मार्फत अर्को अनुसन्धान गरी पक्रिन सकिन्छ भनेर गृहकार्य भएको सूचना उहाँहरूले नपाउने कुरै भएन । समाचारहरू पनि प्रकाशित भएका थिए ।

अझ देउवा जुनियरलाई त कास्कीको ग्रामीण भेगमा बतास समूहको नाममा रहेको जग्गा उनको नाममा पास भएको समाचारकै आधारमा पक्रेर अनुसन्धान गर्न बारम्बार आईजीपी कुँवरउपर दबाब थियो । कैलाश सिरोहियालाई पक्रिँदा सामाजिक सञ्जालको भिडबाट पाएको वाहवाहीले हौसिएका तत्कालीन गृहमन्त्री लामिछाने म्याडम देउवालाई एकाध दिनकै लागि भए पनि थुन्दिँदा लोकप्रियताको चरमचुलीमै पुग्छु भन्नेमा थिए क्यारे । घरमै आएका एक जना राष्ट्रिय स्वतन्त्र पार्टीका नेतालाई कुनै आधार–प्रमाणबेगर डा. देउवालाई कसरी थुन्न मिल्छ भनेर सोध्दा 'एक रातकै लागि भए पनि हिरासतमा पु¥याउँछौँ' भन्ने जवाफ पाएको पुरञ्जन आचार्यले युट्युब च्यानलको अन्तर्वार्तामै बोलेका छन् ।

त्यसैबीच, भारतीय सुरक्षा एजेन्सीले भुटानी शरणार्थी काण्डका फरार आरोपी बेचन झालाई खुसुक्क सुपुर्दगी गरिदिएपछि त खैलाबैला नै भयो । प्रहरी प्रमुख कुँवर दाहिना नै भए पनि सीआईबीका तत्कालीन प्रमुख श्याम ज्ञवालीमार्फत गृहकार्य भएको थाहै छ । उनकै आदेशानुसार सादा पोसाकका प्रहरीलाई निवास वरपर 'रेकी' नै गराइएको थियो क्यारे । समाचार त पक्रिन नै टोली परिचालन गरिएको भनेर आएथ्यो, तर बहालवाला सांसदलाई पक्राउ पुर्जी नै नलिईकन पक्राउ गर्न पठाइएको चाहिँ पत्यारिलो सुनिएन । त्यो सब हुँदा देशबाहिर रहेका आईजीपी कुँवरले अफिसमा उपस्थित भएपछि सोधिखोजी गर्दा विशेष ब्युरोका केटाहरू देउवा निवासतिर परिचालनसम्म गरिएको बुझिएको भनेर सुनाएका पनि थिए । धरपकड गरिहाल्ने र जोगिने प्रयत्नकै बीच सरकार परिवर्तन भयो। पक्रिन खोज्ने नै विपक्षमा पुगे, 'शिकारी खुद यहाँ शिकार होगया' भयो। के–के भयो भनिरहनै परेन ।

दिलभूषण पाठकले जुनियर देउवाले हिल्टन होटलमा लगानी गरे भनेर आधार–प्रमाणबिना एउटा अनलाइनमा प्रकाशित समाचारमै उभिएर भिडियो रिपोर्ट बनाइदिएपछि उनीविरुद्ध पक्राउ पुर्जी जारी भयो, उनको भागा रे भाग थियो । उच्च अदालतले 'कानून बमोजिमबाहेक पक्राउ नगर्नू' भनेर सोमबार अन्तरकालीन आदेश दिएको छ । त्यो रिपोर्ट आधार प्रमाणबेगर बनाएकोमा असहमति त सुनियो नै, फेरि पाठकजस्तो दशकअघि नै देशकै ठूलो र स्थापितमध्येको न्युजरुम नेतृत्व गरिसकेको पत्रकारबाट यस्तो कमजोरी अस्वीकार्य सुनियो । ३५ जना पत्रकारले शनिबार जारी गरेको विज्ञप्तिमा पनि पाठकउपर कारबाही हुनुहुँदैन भनेर लेखिएको छैन । 'उनीउपर विद्युतीय कारोबार ऐन प्रयोग गरी धरपकड गर्न खोजिनु कानूनको दुरुपयोग भयो, यसलाई बन्द गरियोस्' भनिएको छ । उनीउपर कारबाही गर्न आकर्षित हुने अरू नै कानूनहरू छन्, ती प्रयोग गरियोस् भन्ने मात्र हो ।

हाम्रोजस्तो देशमा सरकारमा प्रधानमन्त्रीपछि सम्भवतः सबैभन्दा शक्तिशाली मन्त्रीकै चित्तमा लागेपछि एउटा पत्रकार थुन्नु महाभारत नहोला । कानूनको दुरुपयोग गर्दा सम्झिनुपर्छ, भोलि कथमकदाचित अहिले थुनाउनेहरूमाथि नै कानूनको दुरुपयोग, बिनाआधार पक्राउको तरबार लट्किए लेख्ने–बोल्ने अहिले सरकारमा रहँदा बस्दा 'हलुवामा बालुवा' जस्ता लाग्ने मिडिया नै हुन् ।

आफ्नो चित्तमा लाग्दा धरपकड गराउने, भागा रे भागा गराउन सक्ने सरकारहरू आधार प्रमाणबेगर गम्भीर आरोप गढ्ने प्रवृत्तिको स्थायी समाधानतिर ध्यान पु¥याउँदैनन्। पत्रकारिताजन्य सामग्रीमा प्राथमिक उपचारमा जाने ठाउँ प्रेस काउन्सिल नै हुनपर्छ ।

काउन्सिललाई दलसमर्थक (अझ फ्रिलान्सर भइसकेका) पत्रकारहरूको क्लब बनाइएको छ । एउटै बिरादरीको भएपछि मान्छे स्वतः नरम हुन्छ, सकेसम्म जोगाउनै खोज्छ । यसैले काउन्सिलको नेतृत्वमा प्रेस स्वतन्त्रता बुझेको कुनै न्यायाधीश वा वकिल पृष्ठभूमिकै व्यक्ति हुनपर्छ ।

प्रेस काउन्सिल ऐनले न्यायाधीश, वरिष्ठ अधिवक्ता, पत्रकारलाई नै अध्यक्ष हुन योग्य मानेको छ । अघिअघि न्यायाधीश, वरिष्ठ अधिवक्तासमेतले नेतृत्व गरेको काउन्सिल पछिल्लो कालखण्डमा पत्रकारकै नेतृत्वमा छ, सदस्यहरू त यसै पनि पत्रकार नै हुनेगरी कानून बनाइएको छ । काउन्सिललाई अरू कानूनको सहारा नै लिननपर्ने गरी प्रभावकारी बनाउने हो भने, पत्रकारको प्रतिनिधित्व घटाई पत्रकारका प्राध्यापक, सञ्चार माध्यमका विज्ञ सदस्य हुनेगरी काउन्सिलको पुनर्संरचना जरुरी छ । नियमन प्रयोजनकै लागि स्थापित संस्थालाई पंगु बनाई पुलिस लगाएर प्रेसलाई तह लगाउनु स्वनामधन्य लोकतान्त्रिक सरकारलाई सुहाएन ।

जहाँ राज्य संयन्त्र नागरिकउपर अनवरत दोहनमा अहोरात्र छन्, भुईं तहका नागरिकले राज्यबाट सरसुविधाको सट्टा ठगिनु परेको छ यत्रतत्र–म्यानपावरका नाममा, सहकारीका नाममा, भिजिट भिसा आदि इत्यादिका नाममा । नागरिकलाई ठगहरूबाट जोगाउने जिम्मेवारीमा हुनुपर्ने सरकारहरू ठगहरूको संरक्षणमा देखिन्छन् । भुईं तहबाट अलि माथि उठेकाहरूलाई ठग्न अझ आईपीओ आदिका नयाँ–नयाँ आइडिया आउने गर्छन्। सरकारचाहिँ ठगी आइडियाकै प्रमोट गर्छ ।

त्यस्ता देशमा राज्य संयन्त्रले तुजुक देखाउने होइन। तुजुक देखाउने हो भने ठाउँ छन् । आफैँ बस्ने राजधानी शहरलाई अरू भागसँग जोड्ने कम्तीमा एउटा सडकलाई गतिलो बनाउन तुजुक देखाउँदा हुन्छ । एक घण्टामा तय गर्न सकिने नारायणगढ–बुटवल सडक खण्डमा नारकीय यात्रा गर्नबाट मुक्ति दिलाउन तुजुक देखाउँदा हुन्छ । पोखराजस्ता पर्यटकीय शहरलाई जोड्ने सडक गुणस्तरीय बनाउन तुजुक देखाई भारतीय पर्यटक ह्वारह्वार्ती आउने वातावरण बनाउन तुजुक देखाउँदा हुन्छ । एउटा नागरिक सरकारी अड्डामा कुनै दलाल, पहुँचवालाको फोन आदि नगरी पुग्दा काम सकिँदासम्म सरकारप्रति नफरत पैदा गर्ने अवस्थामा सुधार गर्न तुजुक देखाउँदा हुन्छ ।

अस्ति पक्राउ परेकी रमा बस्नेतको एक्सतिर भाइरल एउटै स्याम्पलबाटै पुगिसक्यो, उनले उन्मुक्ति पाउन हुँदैन । तर उनलाई पक्राउ गरेर तीन दिनको म्याद थपिसकेको अवस्थामा आइन्दा यस्तो नगर्ने कागज गराएरै छाडे यथेष्ट हुनेछ, शायद उनले अब यस्तो हर्कत दोहो¥याउने छैनन् ।

'काँक्रा चोरलाई मुड्के सास्ती' भन्ने उखान बनेको यस्तैका लागि हुनपर्छ । राज्य संयन्त्रले ती रमालाई 'हिरासत पे हिरासत, तारिख पे तारिख' गर्ने मुद्दा मामिलामा आफ्नो समय, ऊर्जा खर्चिन जरुरी नै छैन । उसका लागि गर्नुपर्ने धेरै महत्त्वपूर्ण काममा समय, जनशक्ति लगाए बेस। कुशासनको दुष्चक्रले नागरिक यस्तो उकुसमुकुसमा छ, उसले 'छाडा बोल्यो' भन्दैमा लामो समय मुद्दामामिलामा लट्काउने हैन कि, सच्चिने मौका दिने हो ।

भारतमै महिना दिनअघि अशोका विश्वविद्यालयका प्राध्यापक अली महमुदाबादलाई फेसबुकमा राखेको एउटा पोस्टका कारण हरियाणा पुलिसले पक्रियो मात्रै होइन, तल्लो अदालतले हिरासतमा राख्ने अनुमति पनि दियो । प्राध्यापकले 'कर्नल सोफिया कुरैशीको तारिफ गर्नेमा यतिधेरै दक्षिणपन्थीहरू टिप्पणीकार देख्दा खुशी छु । तिनले भिडद्वारा हत्या गरिने, बुल्डोजर लगाई घर भत्काइने र भाजपाईद्वारा फैलाएको नफरतको कारण हिंसा भोग्न बाध्यको संरक्षणको माग पनि गर्दिए हुने। दुई महिला सैनिक अधिकृतलाई पत्रकार सम्मेलनमा प्रस्तुत गरिनु महत्त्वपूर्ण छ । तर धरातलीय यथार्थमा बदलिँदैन भने चाहिँ यो फगत पाखण्ड ठानिनेछ' लेखेको कारण पुलिस हिरासतमा पुग्न परेको थियो । सर्वोच्च अदालतले उनलाई यस्ता थप पोस्टहरू नगर्ने शर्त राखी जमानतमा छाड्ने आदेश दिएको थियो ।




अभिव्यक्ति स्वतन्त्रताको उपयोग भुईं तहका नागरिकसम्मले गर्न सक्ने भनिएका सामाजिक सञ्जालका प्लेटफर्म स्वतन्त्रतापूर्वक आफ्ना विचार व्यक्त गर्न नसकिने ठाउँका रूपमा परिणत हुँदै गएका छन्, खासगरी दलसमर्थक संगठित–असंगिठत ट्रोलहरूले गर्दा । सभ्य भाषामा विचार–विश्लेषण लेख्दाधरि ट्रोलहरूले टिकिखान नदिने भएपछि कतिपयले यस्ता प्लाटफर्म छाडेका छन्, कतिपय 'एक्स' विषाक्त भयो भन्दै फेसबुक वा इन्स्टाग्रामतिर लागेका छन् । यसैले, अर्कै प्रयोजनका लागि बनेका कानून दुरुपयोग गरी सरकारले आफ्नो चित्तमा हान्नेहरूलाई थुन्नेभन्दा सामाजिक सञ्जालमै आपत्तिजनकरूपमा प्रस्तुतिविरुद्ध कानून बनाउनु पर्छ ।

सरकारले संसद्को गएको हिउँदे अधिवेशनमा दर्ता गरेको 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्न बनेको विधेयक' चर्को विरोधका कारण अघि बढेको छैन । अभिव्यक्ति स्वतन्त्रता नै कुण्ठित गर्नेगरी राखिएका कडा दण्ड–सजायको कारण विधेयकको प्रतिकार भयो । पत्रकार बिरादरीबाटै विधेयक फिर्ता लिनपर्ने माग उठ्यो, 'साइबर कानून र मुलुकी फौजदारी संहिताले सम्बोधन गरेकै छ नि' टाइपका तर्क पनि सुनिए ।

आफूलाई नपर्दा 'सम्बोधन गरेकै छ' र परेपछि 'दुरुपयोग भयो' भन्न सुहाएन । दण्ड–सजायलाई नरम (अझ पहिलोचोटिलाई त माफी गराएरै छाड्दा पनि काण्ड पुग्छ), बरु मानहानि–चरित्रहत्याको कुरा छ भने जरिबाना गराउने गरी सामाजिक सञ्जाल नियमन कानूनचाहिँ बनिहाल्न पर्छ ।

अभिव्यक्ति स्वतन्त्रता सबैको हुन्छ । गालीबेइज्जती सत्ताको उपल्लो तहमा बस्ने र तिनका छोराछोरीको मात्रै हुने होइन । अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताउपर आक्रमण नेपालमा मात्रै सीमित नरहेको हुँदा आगामी दिनमा द्वन्द्व बढ्ने नै देखिन्छ । प्रेसजगतले पनि पत्रकारउपर प्रयोग हुँदा मात्रै होइन, विद्युतीय कारोबार ऐनको दुरुपयोग अरूको हकमा हुँदा पनि आलोचना गर्नपर्छ ।

(महत उकालो डटकमका सम्पादक हुन्)

# विषादी औषधि होइन भन्ने वास्तविकता बुझ्दै किसान



कमल खत्री

बेनी नगरपालिका–१ आनन्दबगरका रुद्रबहादुर थापामगर करेसाबारीमा कुटो, कोदालो र कापीकलम एकैसाथ बोकेर पस्नुहुन्छ । सामान्यतया खेतबारीमा घरेलु औजार बोकेर काम गर्न जाने प्रचलन रहे पनि थापा भने कृषिखेतीको सिकाइका लागि घरेलु कृषि औजारसँगै सिकेका कुरा टिपोट गर्न कापीकलम बोकेर खेतबारीमा पुग्न थाल्नुभएको हो ।

गत पुसदेखि आनन्दबगरका २५ जनाले थापाले जस्तै गरी कृषि पढिरहेका छन् । बेनी नगरपालिकाले किसानलाई प्राङ्गारिक उत्पादनको ज्ञान, सीप र क्षमताको विकास गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन गरेपछि यहाँका किसान साप्ताहिक रूपमा खेतबारीमा सञ्चालन हुने पाठशालामा पढ्न पुग्छन् ।

आनन्दबगर आइपिएपम कृषक पाठशालामा आबद्ध सदस्यले सामूहिक रूपमा गौँलभेडाखेती गरेका छन् । व्यावहारिक रूपमा उचित बीउको छनोट, नर्सरी र खेती गर्ने जमिनको व्यवस्थापन, बाली लगाउने तरिका, मलजल, गोडमेल र फल उत्पादन भएपछि टिप्नेसम्मका ज्ञान, सीप पाठशालामा सिकाउने गरिएको छ । पाठशालामा बीउ जमाउने र बिरुवा लगाउनेदेखि फल टिप्नेसम्मका ज्ञानका साथै रोगकीराको स्थानीय उपचारका बारेमा सैद्धान्तिक र व्यावहारिक ज्ञान सिक्ने अवसर मिलेको स्थानीय किसान सरिता बानियाँ खड्काले बताउनुभयो ।

'खेती गर्ने आधारभूत सीप सिक्नका लागि आइपिएम कृषक पाठशाला निकै प्रभावकारी भयो, रोगकीराको पहिचान र उपचारको तरिका र उपायसमेत सिक्यौँ,' बानियाँले भन्नुभयो । यहाँका किसानलाई टनेल र खुला ठाउँमा गौँलभेडाखेती गर्न व्यावहारिक रूपमा तालिम दिइएको छ । पुसदेखि सुरू भएको पाठशालामा किसानले सामूहिक रूपमा लगाएको गौँलभेडा अहिले उपभोगयोग्य भएको छ । उत्पादन भएको गौँलभेडा पाठशालामा सहभागी किसानले बाँडेर उपभोग गर्ने र धेरै उत्पादन भएमा बिक्री गर्ने लक्ष्य लिइएको छ ।

बेनी नगरपालिका–४ डाँडाखेतको गौँलभेडाखेतीमा पनि आइपिएम कृषक पाठशाला सञ्चालन भइरहेको छ । यहाँका किसानले पनि तालिममा सिक्दै सामूहिक रूपमा लगाएको गाँैलभेडा अहिले लटरम्म फलेका छन् । खेती गर्ने प्रविधि आधुनिक र रोगकीराको उपचार गर्न अग्र्यानिक विधिबारे जानकारी पाएपछि यहाँका किसान उत्साहित भएका छन् । एउटा बाली विशेषमा किसानलाई निपूर्ण बनाउन आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको हो । खेतबारीमा सञ्चालन हुने पाठशालामा किसानको हातबाट बीउ जमाउन तथा बिरुवा रोप्न लगाउने र उनीहरूकै हातबाट गोडमेल र स्याहार गरेर फलेको फललाई उपभोग र बजारीकरणसम्मको काम हुने भएकाले यो पाठशाला निकै उपयोगी बन्दै गएको छ ।

बेनी नगरपालिकाले यस वर्ष वडा नं १ आनन्दबगरमा गौँलभेडा, २ गौश्वारामा काउली, ३ भकिम्लीमा अकबरे खुर्सानी, ४ डाँडाखेतमा गौँलभेडा, ६ डम्मरामा कोसेबाली सिमी, ५ पुलाचौर र ९ घतानमा आलुखेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरेको छ । हरेक बालीमा १८ देखि २२ हप्तासम्म किसानलाई खेतबारीमा व्यावहारिक र सैद्धान्तिक ज्ञान प्रदान गरिएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो । 'पाठशालामा सहजकर्ताले विषादीरहित उत्पादन गर्न र खेतीबालीमा जैविक मलको प्रयोग बढाउन किसानलाई सिकाउनुभएको छ, नगरपालिकाले आइपिएम कृषक पाठशालालाई हरेक वर्ष फरकफरक ठाउँमा निरन्तरता दिँदै आएको छ, किसानलाई दक्ष बनाएर स्वस्थ बालीको उत्पादन गर्न यो कार्यक्रमले प्रेरित गर्ने अपेक्षा गरेका छौँ,' कृषि अधिकृत ढुङ्गानाले भन्नुभयो ।



आइपिएम कृषक पाठशाला सञ्चालनका लागि नगरपालिकाले हरेक समूहका लागि रु एक लाख ५० हजारका दरले बजेट विनियोजन गरेको छ । बेनी नगरपालिकाको आइपिएम कृषक पाठशालामा जिल्लाकै अगुवा किसान सोवित शर्मा, क्षेत्रबहादुर कटुवाल र हरिराम पौडेलले सहजकर्ताका रूपमा काम गर्नुभएको छ । हरेक समूहमा साताको एक दिन दैनिक चार घण्टा पाठशाला सञ्चालन हुने गर्छ ।

पाठशालामा स्थानीयस्तरमा उपलब्ध प्राङ्गारिक मल, गाईभैँसीको मूत्र र जैविक विषादीको प्रयोगबाट रोगकीरा व्यवस्थापन गर्न व्यावहारिक अभ्याससमेत गराउने गरिएको छ । पाठशालामा तरकारीखेतीसँगै धान, मकै, गहुँलगायत खाद्यबाली, सुन्तला, कागतीलगायत फलफूलमा आइपर्ने समस्या र रोगकीरा व्यवस्थापनमा जैविक विषादीको प्रयोगको सम्बन्धमा समेत किसानलाई सिकाइएको छ ।

रोगकिराको उपचारमा प्राङ्गाारिक विधि प्रभावकारी

बेनी नगरपालिका–६ डम्मराका किसानले खेतीबालीमा लाग्ने रोगकीराको उपचारमा रैथाने सीप र विधिलाई प्रयोगमा ल्याउन थालेका छन् । पाठशालामा व्यावहारिक ज्ञान, सीपको क्षमता विकास गरेर किसानले खेतीबालीमा लाग्ने रोगकीराको उपचारमा स्थानीय वानस्पतिक विषादी बनाएर प्रयोगमा ल्याएका हुन् ।

पाठशाला सञ्चालनको लागि करिब एक रोपनी क्षेत्रफलमा गरिएको कोसेबालीमा देखिएका रोगकीराको समस्या समाधान गर्न प्याजको पात, केतुकी, पाती, असुरोलगायतका तितो, पिरो, टर्रो र अमिलो हुने प्रजातिका वनस्पति र वस्तुभाउको मूत्रबाट जैविक विषादी बनाएर प्रयोग गरिएको स्थानीय झरना थापाले बताउनुभयो ।

'पहिले खेतीबालीमा केही समस्या भए बजारबाट विषादी किनेर ल्याउने गर्थ्यौं, अहिले सिमीमा लागेको रोगकीरामा वानस्पतिक झोलको प्रयोग गर्यौं, समस्या पनि हल भयो, नगद खर्च पनि भएन,' उहाँले भन्नुभयो । वानस्पतिक विषादीको प्रयोगले कृषि उपजसमेत स्वस्थकर हुने गर्छ । पाठशाला सञ्चालनपछि गाउँघरका स्रोत र साधनलाई प्रयोग गरेर कृषिको उत्पादन बढाउने र रोगकीराको पहिचान गरेर उपचार गर्ने ज्ञान सीप हासिल भएको तालिममा सहभागी स्थानीय किसान पशुपति भण्डारी खत्रीले बताउनुभयो ।

हरेक साताको बिहीबार चार–चार घण्टाको दरले डम्मरा माझखेत कृषक पाठशाला सञ्चालन हुँदै आएको छ । तालिममा सिमी र बोडीसँगै आलुलगायत खेती र अन्नबालीको बीउ लगाउनेदेखि फल उत्पादनसम्मका सिकाइ भएको स्थानीय कमला परियारले जानकारी दिनुभयो । किसानलाई व्यावहारिक सिकाइका लागि लगाइएको भट्टेसिमी, एसनाइन सिमी, हाइब्रिड सिमी, मिटरबोडी, मालेपाटन बोडीखेती गरिएको छ । सिमी र बोडी उत्पादन भएपछि किसानले घरायसी प्रयोगदेखि बिक्री गरेर आम्दानी गर्न थालेका छन् ।

रासायनिक विषादी ः बिख हो, औषधि होइन

बेनी नगरपालिकाले पाठशालामा किसानलाई बीउ र जग्गाको छनोटदेखि प्राङ्गारिक बाली उत्पादनमा लाग्ने सीप र ज्ञान आर्जन गर्ने थलो बनेको छ । पछिल्लो समय खेतीबालीमा आउने रोगकीराको उपचारमा सहरबजारमा पाइने रासायनिक विषादीको प्रयोग बढिरहेको र त्यसले किसानदेखि उपभोग गर्ने नागरिकको जनस्वास्थ्यमा ठूलो समस्या ल्याइरहेको सन्दर्भमा आइपिएम कृषक पाठशालामा प्राङ्गारिक खेतीलाई जोड दिने गरिएको सहजकर्ता सोवित शर्माले बताउनुभयो ।

'खेतीबालीको रोगकीराको उपचारका लागि बजारमा पाइने विषादी बिख हो, औषधि होइन भन्ने बुझाइ किसानमा बनाउन पाठशालाले निकै भूमिका खेलेको छ, हामीले किसानलाई रोगकीराको पहिचान गरेर स्थानीयस्तरमा बनाउन सकिने जैविक विषादीको प्रयोगका लागि प्रेरित गरेका छौँ, स्वस्थ कृषि उपजले मात्र स्वस्थ नागरिक बन्न सघाउने कुरा बुझाएका छौँ,' सहजकर्ता शर्माले भन्नुभयो ।

बजारमा अहिले बाहिरबाट आयात गरिएका तरकारी र फलफूलमा प्रतिबन्धित विषादीको प्रयोग गर्ने गरिएको र त्यसले मानव स्वास्थ्यमा गम्भीर असर पुर्याउने गरेको छ । खेतीबालीमा रोगकीराको महामारी आएको सन्दर्भमा मात्र सुरक्षितजन्य विषादीको प्रयोग गर्ने र प्रयोग गरेपछि कृषि उपजको तत्काल उपभोग नगर्ने सन्दर्भमा समेत किसानलाई जानकारी गराइएको अर्का सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताउनुभयो ।

उहाँले पाठशालामा किसानलाई जैविक विषादी बनाउने प्रयोगात्मक सीप सिकाइएकाले नगरपालिका क्षेत्रमा प्राङ्गारिक कृषि उत्पादनको लहर ल्याउन पाठशालाले भूमिका खेल्ने अपेक्षा गरिएको बताउनुभयो । किसानलाई कोठाभित्र दिने तालिम औपचारिकतामा सीमित बनिरहेको सन्दर्भमा खेतबारीलाई नै पाठशाला बनाएर सञ्चालन गरिने आइपिएम कृषक पाठशाला किसानलाई व्यावहारिक ज्ञान र सीप विकास गर्ने उपयुक्त थलो बन्न थालेको छ ।

# देशको पहिलो 'फ्लाई ओभर'



प्रगति ढकाल

उपत्यकाको निकै व्यस्त सडकका रूपमा रहेको ललितपुरस्थित ग्वार्को चोकमा 'फ्लाई ओभर' निर्माणले बल्ल पूर्णता पाएको छ । पटकपटक भाका सार्दैै सम्पन्न भएको 'फ्लाई ओभर' प्रधानमन्त्री केपी शर्मा ओलीले विधिवत रूपमा उद्घाटन गर्नु भएको छ । 'फ्लाई ओभर' निर्माणका क्रममा सास्ती भोगिरहेका सर्वसाधरण अब भने ट्राफिक जामको समस्याबाट मुक्त हुने भएका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागअन्तर्गत गुणस्तर अनुसन्धान तथा विकास केन्द्रले काठमाडौँ उपत्यकामा निर्माण सम्पन्न बहुप्रतिक्षित ग्वार्को ओभरपास परियोजना निर्माणको प्रक्रिया अगाडि बढाएको थियो ।



केन्द्रले दुई वर्षभित्र काम सम्पन्न हुनेगरी २०७८ साल फागुन १२ गते आशिष–समानान्तर रेलिगेर जेभी निर्माण व्यवसायी कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो । यसरी २०८० साल फागुन ११ गते ठेक्का सम्पन्न गर्ने मिति तोकिएको थियो । तर तोकिएको समयमा निर्माण सम्पन्न नभएपछि २०८१ असारमा निर्माण सम्पन्न हुनेगरी फेरि दोस्रोपटक म्याद थप भएको थियो । तर फेरि पनि तोकिएको समयमा पनि निर्माण सम्पन्न हुन नसकेपछि २०८१ साल पुस ८ गते सम्पन्न गर्नेगरी म्याद थप भयो । आयोजनामा समस्या देखिएपछि गत पुस र माघमा गरी एक महिना जति आयोजना निर्माणको कामसमेत ठप्प भएको थियो ।

केन्द्रका प्रवक्ता प्रदीप भण्डारीले ठेकेदार कम्पनीले पटकपटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न गर्न नसकेपछि हालसम्मको करिब रु एक करोड ४७ लाख हर्जना तिराएर निर्माण सम्पन्न गरिएको जानकारी गराउनुभयो । 'ग्वार्को ओभरपासको निर्माण कार्यमा प्राविधिक जटिलता र अपरिहार्य प्राविधिक परिमार्जनका कारण केही ढिलाइ भयो,' उहाँले भन्नुभयो, 'प्रारम्भिक डिजाइनअनुसार काम सुरू गरे पनि निर्माण व्यवसायीले पेस गरेको प्रारम्भिक डिजाइनमा आवश्यक परिवर्तन गर्नुपरेको थियो । त्यसका लागि थप अध्ययन तथा स्वीकृति प्रक्रियाले समय लिएको हो । साथै, यान्त्रिक रूपमा स्थिर माटोको पर्खाल जडान गर्दा जमिनमुनिको माटोमा अपेक्षित मात्रामा सुधार गर्नुपर्ने देखिएकाले माटो सुधारसम्बन्धी थप कार्य गर्नुपर्यो । यो कामले अतिरिक्त समय र स्रोतको खपत गर्यो ।'

त्यसैगरी, अप्रोच सडक निर्माणका क्रममा माटो थर्पिँदै जाँदा सातदोबाटोतर्फको भागमा जगको माटो असमान रूपमा थिचिएकाले पनि थप समय लागेको भण्डारीले बताउनुभयो । 'त्यसको असरस्वरूप सातदोबाटोतर्फको भागमा असमान रूपमा माटो दबिँदा प्यानल–४ र प्यानल–५ बीचको अन्तराल बढेको थियो । उक्त समस्या समाधान गर्न दुवै प्यानललाई खोलेर पुनः सन्तुलनसहित जडान गर्नुपरेको थियो । जसले कार्यअवधि थप लम्बिएको हो,' उहाँले भन्नुभयो ।

भण्डारीका अनुसार ग्वार्को ओभरपासको कुल र्याम्प र पुलको लम्बाइ ५७६ दशमलव २ मिटर, ग्वार्को चोकबाट लगनखेलतर्फ तीन सय २० मिटर र सातदोबाटोतर्फ एक सय ८५ मिटर लामो ओभरपास रहेको छ । दुवैतर्फ चार तहको कालोपत्र गरिनुका साथै ओभरपासको र्याम्पको दूरी भने १० दशमलव २ मिटर रहेको उहाँको भनाइ छ । 'बीचको पुल खण्डको लम्बाइ भने ३६ दशमलव २ मिटर छ । यसरी दुईवटै र्याम्प र पुल मिलाएर ओभरपासको कुल लम्बाइ पाँच सय ४० मिटर (र्याम्प) प्लस ३६ दशमलव २ मिटर (पुल) गरी ५७६ दशमलव २ मिटर हुन्छ,' भण्डारीले भन्नुभयो, 'यस पुलको चौडाइ १६ दशमलव ४ मिटर छ, जसमा चार लेन सडक सञ्चालन हुनेगरी डिजाइन गरिएको हो ।'

चौध करोड थप लागत

केन्द्रका प्रवक्ता भण्डारीले तोकिएको समयमा काम सम्पन्न हुन नसक्दा सुरूको सम्झौताभन्दा रु १४ करोड लागत थप भएको जानकारी दिनुभयो । 'करिब रु १७ करोड छ लाख ८८ हजार ८८८ मा सम्पन्न हुनेगरी ठेक्का सम्झौता भएको हो, तर काम सम्पन्न भइसक्दा हाम्रो अनुमानित लागत रु ३१ करोड ४६ लाख ५१ हजार ४४० पुगेको छ,' उहाँले थप्नुभयो, 'ग्वार्को चोकस्थित चार लेनको ओभरपास र पहुँचमार्गको योजना, डिजाइन, इञ्जिनियरिङ, खरिद तथा निर्माणकार्य (इपिसी प्रणालीमा) भएको ठेक्का सम्झौता हो, जसअन्तर्गत डिजाइन र निर्माणको जिम्मेवारी पूर्ण रूपमा निर्माण व्यवसायीमा रहन्छ ।' भण्डारीका अनुसार उक्त सम्झौताअनुसार निर्माणपश्चात निर्माण कार्यमा पाँच वर्षसम्म र डिजाइनमा १० वर्षसम्म कुनै त्रुटि देखिएमा उक्त त्रुट सुधार गर्ने पूर्ण जिम्मेवारी निर्माण व्यवसायीको रहन्छ ।

ट्राफिक व्यवस्थापनमा सहज

काठमाडौँै उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक दीपक गिरीले पछिल्लो समय सवारीसाधनको बढ्दो चापसँगै उपत्यकाका विभिन्न चोकमा ट्राफिक जामको समस्या बढ्दै गइरहेको भन्दै यस्ता फ्लाई ओभर निर्माणको कार्यले ट्राफिक जाम व्यवस्थापनमा सहज हुने बताउनुभयो । 'ग्वार्को चोकमा देखिएको ट्राफिक जामको समस्या अबदेखि हट्ने भयो । छोटाछोटाभन्दा पनि लामो फ्लाई ओभर निर्माण गर्न सकियो भने अझै ट्राफिक व्यवस्थापनमा सहज हुनेछ,' उहाँले भन्नुभयो, 'ग्वार्कोमा अबदेखि जाम नहुने र छिटोछिटो सवारीसाधन आवतजावत गर्न सक्छन् । तर सातदोबाटो चोकमा आएर एकैपटक सवारी चाप बढ्ने र त्यो स्थानमा जाम बढ्ने छ । तसर्थ लामो ओभरपास निर्माणको योजना ल्याउन आवश्यक छ ।'

गिरीले भविष्यमा अझै बढ्न सक्ने ट्राफिक जामको व्यवस्थापनका लागि उपत्यकालगायतका अन्य सहरका मुख्य चोकमा पनि यस्ता ओरपास र अन्डरपासको योजना बनाउन आवश्यक रहेको सुझावसमेत दिनुभयो ।

अन्डरपास र ओभरपास अबको आवश्यकता

पूर्वाधारविद्समेत रहनुभएका नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष इञ्जिनियर गजेन्द्रप्रसाद थपलियाले उपत्यकालगायत मुलुकका मुख्य सहरमा सवारीसाधनको चापका कारण ट्राफिक समस्या बढिरहेको अवस्थामा अन्डरपास र ओभरपास आजको आवश्यकता रहेको बताउनुभयो । 'ग्वार्को फ्लाई ओभर निर्माणले मुलुकमा पूर्वाधार विकासको सकरात्मक पक्षलाई झल्काउँछ । निर्माणकार्य ढिला भए पनि यसले सकरात्मक सन्देश प्रवाह गरेको छ,' उहाँले भन्नुभयो, 'ग्वार्कोमा मात्र नभएर अब कोटेश्वरर, बानेश्वर, थापाथली, माइतीघर, चाबहिल, सातदोबाटोलगायत क्षेत्रमा अन्डरपास र ओभरपासको योजना छिट्टै तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । अनि मात्र ट्राफिक व्यवस्थापन सहज हुन्छ ।'

सिसीटिभी र बत्ती जडान गर्ने आवश्यक

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले ग्वार्को ओभरपासको निरीक्षण गरेको थियो । उद्घाटनको पूर्वसन्ध्यामा गत बुधबार समितिका सभापति दीपक सिंहको संयोजकत्वमा स्थलगत अवलोकन गरिएको थियो । ओभरपासको प्रगतिबारे जानकारी लिन निरीक्षण गरिएको र जहाँ स–साना तर महत्त्वपूर्ण काम बाँकी रहेको बताउनुहुन्छ समितिका सदस्य तथा प्रतिनिधिसभा सदस्य माधव सापकोटा । 'ओभरपासको निरीक्षण गर्दा अधिकांश कार्य सम्पन्न भए पनि केही साना काम बाँकी छन्,' उहाँले भन्नुभयो, 'जस्तै बत्ती जडान गर्नुपर्ने, सुरक्षा सुनिश्चितताका लागि सिसीक्यामेरा जडानलगायतका काम बाँकी छन् । मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशकलगायतका पदाधिकारीलाई बोलाएर आवश्यक निर्देशन दिन छलफल गरिएको छ ।'

निर्माण सम्पन्न गराउन अग्रसरता

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ग्वार्को चोकमा निर्माणाधीन अवस्थामा रहेको फ्लाई ओभर निर्माणलाई चालु आर्थिक वर्षभित्र नै सम्पन्न गराउनका लागि निरन्तर अग्रसरता देखाउनुभएको थियो । पटकपटक स्थलगत निरीक्षण गरेर मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिँदै आउनुभएको थियो । काठमाडौँको सहरी तथा यातायात व्यवस्थापनमा महत्त्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणकार्यलाई गति दिएर समयमा नै सक्नुपर्ने भन्दै उहाँले ताकेता गर्दै आउनुभएको थियो । आगामी आव २०८२–८३ मा टोखा–छहरे–गुर्जु–भन्ज्याङ सुरूङमार्ग, हेम्जा–नयाँपुल खण्ड सडक सुरूङमार्ग, नयाँबानेश्वर अन्डरपास, सिद्धबाबा सुरूङमार्ग, खुर्कोट–चियाबारी सुरूङमार्ग, फुस्रेखोला छोरेपाटन (पोखरा)बाट स्याङ्ग्जा गुडीकोला टनेल अध्ययन, शिवपुरी–भालुवाङ सुरूङमार्ग, रानीघाट–भुरीगाउँ सुरूङमार्गलगायत विकासका योजना छनोट भएका छन् । निर्माणकार्य सम्पन्नपछि ट्राफिक समस्याको व्यवस्थापन गर्ने अपेक्षा गरिएको छ ।

# स्थानीय तहकेँ प्रदेशक क्षेत्राधिकारभित्ते अनबाक चाही

जनता समाजवादी पार्टी (जसपा) नेपालके अध्यक्ष उपेन्द्र यादव एहि बेर बारा निर्वाचन क्षेत्र नं २सँ प्रतिनिधिसभामे प्रतिनिधित्व कएने अइछ । अइसँ पहिने ओ २०६४ सालके संविधानसभा निर्वाचनमे मोरङ निर्वाचन क्षेत्र ५ आ सुनसरी ५ सँ, २०७० सालमे सुनसरी क्षेत्र नं ५ तथा २०७४ सालमे सप्तरी क्षेत्र नं २ सँ प्रतिनिधिसभा सदस्यमे निर्वाचित भेल छल ।

वि.सं. २०१६ मे सप्तरीके भगवतपुरमे जन्मलेनिहार अध्यक्ष यादव २०३२ सालमे कम्युनिष्ट पार्टीसँ राजनीतिक यात्रा सुरू कएने अइछ । वि.सं. २०४८ मे नेकपा (एमाले) मे आबद्ध भेल ओ २०६३ सालसँ मधेशी जनअधिकार फोरम गठन क मधेश आन्दोलन सुरू कएलैन ।

अध्यक्ष यादव देशक उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री आ कानून, न्याय तथा संसदीय मामिलामन्त्री भ जिमेवारी सम्हाइर चुकल अइछ । अध्यक्ष यादवसङे राससक समाचारदाता सुशील दर्नाल हुनकासँ दैनिक गतिविधि, संसदीय अभ्यास, संविधान कार्यान्वयन आ संशोधन, मधेशी समुदायक मांग आ मुद्दा, सङ्घीयता सुदृढीकरण, राजनीतिक व्यवस्था आ जनताके अवस्था, युवाके विदेश पलायन आ बेरोजगारी समस्या, राजनीतिक दलके गतिविधि, देशक आर्थिक विकास, जनतासङे कएने प्रतिबद्धता आ देशक समसामयिक विषयमे लेल गेल अन्तर्वार्ताके सम्पादित अंश ः

**आइ काइल कथिमे व्यस्त छियै ?**

एखन संसद्के बजेट अधिवेशन चइल रहल अइछ । बजेटपर सांसद अपन विचार देबाक काज भ रहल अइछ । अइसँ पहिने सरकारक नीति तथा कार्यक्रम आ सिद्धान्त तथा प्राथमिकताबारे संसद्मे बातचित भेल । सदनमे कानुन निर्माणके पाटोमे सेहो सहभागी भ रहल छी । हम अध्यक्ष भेलासँ पार्टीके दैनिक गतिविधिमे सेहो व्यस्त छी ।

संसदीय अभ्यासकेँ कोना देख रहल छी ?

नम्हर राजनीतिक दलसभमे लोकतान्त्रिक संस्कृतिके एखनो विकास नै भ सकल छै । ताहिसँ संसदीय अभ्यास स्वस्थ ढङ्ग सञ्चालन नै भेल छै । दलसभ आग्रह–पूर्वाग्रह ग्रसित छै । कार्यकारीणिके झगडा संसद भोइग रहल अइछ । ताहि कारण संसद्के जतेक प्रभावकारिता होबाक चाही, से भेल हमरा नै लागैत अइछ । सबटा जनताके धीयान एखन संसददिस छै । संसद्प्रति जनता जे आशा कएने छल, से आशा पूरा करएमे संसद भूमिका निर्वाह नै करए सकल छै। संसद् चइल रहलोपर प्रभावकारी ढङ्ग संसदीय कारबाही आगू नै भ सकल अइछ ।

**संविधान कार्यान्वयनकेँ अहाँ कोना देखैत छी?**

सब जनता संविधानके स्वामित्व ग्रहण करएमे सक्षम नै



भ सकलैथ । संविधान जारी करबाक समय संविधानसभामे व्यापक बातचित आ संशोधन प्रस्ताव सभपर बहस क संविधान जारी कएल जेतियै, तँ ओ सबहके स्वामित्व होइत । संविधानमे किछु महत्वपूर्ण विषय अइछ, किछु विभेदकारी बात सेहो छै आ किछु दोधारे विषयसभ अइछ । संविधानमे जे महत्पूर्ण बातसभ अइछ, से सेहो कार्यान्वयन नै भ सकल छै । जाहिमे प्रमुख रूपेण संघीयता अइछ, जे पूर्ण रूपसँ कार्यान्वयन नै भ सकल अइछ । प्रदेशक संरचना तँ खड़ा कएल गेलै, मुदा केन्द्रीकृत आ एकात्मक मानसिकतासँ मुक्ति नै भेटलाक कारणेँ ओ पूर्ण कार्यान्वयनमे असफल रहल अइछ । प्रदेश आ स्थानीय तहके करबाक कार्य आ अधिकार सेहो केन्द्रमे राखल गेल अइछ । जब स्रोत आ शक्ति केन्द्रमे होएत तँ संघीयता कोना कार्यान्वयन होएत? संघीयता लागू करबाक लेल नै तँ समुचित कानून छै, नै कर्मचारीतन्त्र । स्रोत–साधन सेहो उपलब्ध नै छै । एहन परिस्थितिमे प्रदेश सरकार कोना काज करत? संविधानमे उल्लेखित विशेष क्षेत्र आ सुरक्षित क्षेत्रके सेहो कार्यान्वयन नै भेल अइछ ।

**संविधान संशोधनकेँ विषयकेँ अहाँ कोना देखैत छी?**

संविधान संशोधन करबाक लेल सरकार इच्छुक नै देखाइत अइछ । संविधान जारी भेल समयसँ संगे–संग संशोधनक बात भ रहल छलै, मुदा से केवल गप्पेमे सीमित अइछ । कोन विषयपर संशोधन होएत, तकर निर्णय नै भेल अइछ । कोन लक्ष्य प्राप्त करबाक लेल संशोधन होएत, से सेहो स्पष्ट नै अइछ । एहन अवस्थामे संविधान संशोधन फन्डा जका भ गेल अइछ ।

संविधानकेँ गतिशील बनेबाक लेल संशोधन जरूरी अइछ । ताहि लेल पहिने विशेषज्ञसभक एकटा समूह बनाउ, आ ओहिक आधारपर सुझाव लिअ, तत्पश्चात संविधानमे संशोधन कएल जाए ।

**कोन–कोन विषयमे संशोधन होबाक चाही?**

पहिने निर्वाचन प्रणालीमे संशोधन जरूरी अइछ । नेपाल जकाँ अल्पविकसित देशमे एतेक महँग चुनाव प्रणाली उपयुक्त नै अइछ । एहि चुनाव प्रणालीसँ देश बर्बाद भ रहल अइछ ।

दोसर, शासन पद्धति सेहो बदलबाक आवश्यकता अइछ । वर्तमान शासन व्यवस्था व्यवहारमे सफल भ नै सकल अइछ । आब कार्यपालिका प्रत्यक्ष निर्वाचित राष्ट्रपति होबाक चाही । राष्ट्रपति विशेषज्ञसभकेँ राखिकय सरकार बनाबथि । संसदक काज केवल कानून बनेनाए, अनुगमन करनाए होए । सरकार आ संसद अलग–अलग होबाक चाही ।

ओइ सङे न्यायपालिकाक पुनर्विचार सेहो जरूरी अइछ । बहुत ढिलासुस्ती अइछ, जनशक्तिक अभाव अइछ । संघीय ढाँचामे न्यायपालिका एकात्मक ढाँचामे प्रभावकारी नै भ सकैत अइछ । जनताकेँ सस्ता, सहज आ सुलभ न्याय सेवा भेटबाक चाही । न्याय बजारसँ किनल वस्तु जकाँ नै होबाक चाही । स्थानीय तहकेँ प्रदेशक अधीनतामे राइख क प्रदेशकेँ अधिकार सम्पन्न बनेबाक लेल सेहो संविधान संशोधन होबाक चाही ।

**मधेशी समुदायक मुख्य मांग की अइछ?**

मधेशी समुदायक मुख्य मांग ई अइछ जे कार्यपालिका, न्यायपालिका आ व्यवस्थापिकामे जनसङ्ख्याके आधारपर समान सहभागिता होए । संवैधानिक आयोगसभ सहित राज्यक समस्त संरचनामे मधेशी समुदायक समान सहभागिता होबाक चाही । लोकतन्त्रमे जनसंख्याक अनुपातमे प्रतिनिधित्व सुनिश्चित होएबाक चाही । मुदा, अहाँ देखिते छी जे समावेशिताक भावना धीरे–धीरे हरा रहल अइछ ।

**संघीयताकेँ आओरो सुदृढ बनेबाक लेल की कएल जाए?**

संघीयताक मूल सिद्धान्त ई होइछै–प्रदेशमे स्वशासन आ केन्द्रमे साझा शासन । एहि नीति अनुसार आगू बढबाक चाही । वर्तमान सात प्रदेशके पुनःसंरचना करबाक चाही । राज्य पुनःसंरचना आयोग जे "सामथ्र्य आ पहिचान"क आधारपर दस प्रदेशक सिफारिश कएने छल, तकरा फेरसँ विचार करबाक चाही । प्रदेशकेँ अधिकार सम्पन्न बनेबाक लेल तकरा स्रोत आ जनशक्ति देबाक चाही ।

**जनताक अवस्था सुधारबाक लेल की कएल जाए?**

नम्हर दलसभ अपन लोककेँ राज्यक सब संरचनामे राइख क जनताके अवस्था सुधार नै क सकैत अइछ । अगर अदालत, अख्तियार आ अन्य संवैधानिक निकायमे योग्य लोक राखल जाए, त स्थिति अपने बदलत । से कारण राजनीतिक नेतृत्वक मानसिकता बदलब जरूरी अइछ ।

नेतृत्वक मानसिकता बदलेनाए बिना विकास असम्भव अइछ । रोजगार कोना भेटत? रोजगार नै भेटल तँ जनताक जीवनस्तर कोना सुधरत?

**युवा पलायन रोकबाक उपाय की अइछ?**

जब गरीबी आ बेरोजगारी होइछै तँ देशमे रहनाए कठिन भ जाइत छै । एहन हालतमे विदेश पलायन नै करए तँ की करए? देशमे शिक्षा, स्वास्थ्य, रोजगारी आ सुरक्षा नै होए तँ पलायन स्वाभाविक अइछ । युवा पलायन रोकबाक लेल देशक उद्योग–धन्दाकेँ चलाउ, कृषिकेँ विकास करू । विकास आ सुशासन भेटलापर पलायन अपने रुइक जाएत ।

**पैघ राजनीतिक दलसभकेँ अहाँक सुझाव की अइछ?**

भ्रष्टाचार समाप्त करबाक चाही । जनताकेँ सुशासन देबाक चाही । विकासकेँ गतिकेँ दिस बढबाक चाही । मूल्य आ मान्यताक आधारपर राजनीति होएबाक चाही । शासन प्रणाली तँ राजनीतिक रूपमे बदलल, मुदा शासन चलब जे तरीका अइछ, से पुरान छै । प्रशासन, आनीबानी, आचरण सब पुरने जकाँ अइछ । से मुख्य बात ई जे दलसभकेँ सुधरबाक आवश्यकता अइछ ।

**देशकेँ आत्मनिर्भर बनेबाक लेल की करबाक चाही?**

विकासक मुख्य आधार शिक्षा छी । शिक्षा प्रणालीमे ऊपरसँ नीचाँधैर आमूल परिवर्तन करबाक चाही । युगानुकूल आ जीवन उपयोगी शिक्षा देबाक चाही । हमर देश कृषि आधारित अइछ । कृषिकेँ आधुनिकीकरण आ व्यवसायीकरण करबाक चाही । बन्द भ गेल उद्योग–धन्दाकेँ फेरसँ संचालन करबाक चाही । पर्यटन क्षेत्र, विद्युत क्षेत्रकेँ सेहो विकास करबाक चाही । एतबे कएल गेलासँ नेपाल विश्वक सबसँ सुखी आ सम्पन्न देश बइन सकैत अइछ ।

**जनतासँ कएल गेल प्रतिबद्धता कतेक पूरा कएलौं?**

जकरा सत्ता संचालनके जिमा भेटैत छै, से बजेट विनियोजन कइर क विकासक काज आगू बढबैत अइछ । अगर सरकार बजेटे नै दैत छै तँ विकास कोना होएत ? हम अपन निर्वाचन क्षेत्र बाराक विकास लेल जे–जे प्रतिबद्धता देलौं, ताहि लेल सरकारकेँ लिखित रूपमे द चुकल छी ।

**जनताकेँ अहाँके सन्देश कि अइछ ?**

जनता अन्याय आ बेतिथिके खिलाफमे उठए पड़त । भ्रष्टाचार आ कमिसनतन्त्रकेँ अन्त क सुशासन आ समृद्धिके दिशामे देशकेँ आगू बढ़ाबैमे सबके ओतबेक दायित्व होइछै । देशमे भ्रष्टाचार अति भ गेल । एहि विषयमे जनताकेँ सङ्गठित होबए पड़त ।

# उपल्लो मुस्ताङमा सेटलाइट कृषि फार्म

उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका–२ घमीमा मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रको शाखाका रूपमा सेटलाइट कृषि फार्म स्थापना हुने भएको छ । बागवानीमा उत्पादन हुने शीतोष्ण फलफूल तथा तरकारीलाई संरक्षण तथा प्रवद्र्धन गर्ने उद्देश्यले घमीमा सेटलाइट फार्म गर्ने तयारी गरिएको हो ।

उपल्लो मुस्ताङमा केन्द्रको शाखा विस्तार भएमा त्यहाँका किसानलाई ठूलो टेवा पुग्ने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले बताउनुभयो । 'उपल्लो मुस्ताङका किसानलाई फलफूल तथा तरकारीको बीउ र बिरुवा ढुवानी गर्न निकै समस्या छ, ढुवानी

फार्मले योगदान पुर्याउने केन्द्रको भनाइ छ । उपल्लो मुस्ताङमा ठूलो मात्रामा कृषि क्षेत्र विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको र मुस्ताङलाई अबको सयौं वर्षसम्म पनि स्याउकै राजधानी भनेर चिनाउनका लागि पनि त्यहाँ स्थापना हुने फार्मले त्यहाँका किसानलाई थप उत्प्रेरित गराउने विश्वास केन्द्रले लिएको छ ।



स्थापना गर्ने तयारी गरिएको हो ।

यसका लागि जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुर्याएको शीतोष्ण बागवानी विकास केन्द्रका कार्यालय प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । त्यहाँ बागवानी केन्द्र मार्फाको शाखा फार्म स्थापनाका लागि आठ सय एक रोपनी जग्गा सरकारको नाममा दर्ज भइसकेको र अब केही महिनाभित्र बागवानी केन्द्रको नाममा लालपुर्जा प्राप्ति गर्ने प्रक्रिया टुङ्ग्याइने केन्द्र प्रमुख आत्रेयले बताउनुभयो ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउलगायतका शीतोष्ण फलफूल तथा सागसब्जीहरूले विस्तारै उचाइतिर फल्ने क्रम सर्दै गइरहेकाले उपल्लो मुस्ताङको घमीमा बागवानीको सेटलाइट फार्म स्थापना गर्नुपर्ने अवस्था आइपरेको केन्द्र प्रमुख आत्रेयले उल्लेख गर्नुभयो । मुस्ताङको तल्लो भेकमा उत्पादन हुने स्याउ, ओखर, आरु, आरुबखडा, खुर्पानी, कागजी बदाम, अङ्गुरलगायत फलफूल जलवायु परिवर्तनका कारण माथि लेकतिर उत्पादन हुन थालेका छन् । यिनै शीतोष्ण फलफूल तथा सागसब्जी बालीलाई जोगाउन उपल्लो मुस्ताङमा सेटलाइट फार्म स्थापना

खर्च पनि महँगो पर्न जान्छ,' अध्यक्ष विष्टले भन्नुभयो, 'माथि नै बागवानीका शाखा स्थापना भएपछि उपल्लो भेकका किसानले सजिलै बिरुवा पाउने अवस्था हुन्छ, यो हामीहरूका लागि अवसर र खुसीको कुरा पनि हो ।'

उपल्लो मुस्ताङमा फार्म स्थापना गर्न पालिका र स्थानीय समुदायले जग्गा प्राप्तिका लागि बागवानी केन्द्रलाई निरन्तर सहजीकरण गरिरहेको बताउनुभयो ।

केन्द्रका नाममा जग्गाप्राप्ति प्रक्रिया टुङ्गिनेबित्तिकै कार्यालय स्थापना र फार्म विस्तार गर्ने प्रक्रिया अघि बढाइने बागवानी विकास केन्द्रले जनाएको छ ।

उपल्लो मुस्ताङको घमीमा फार्मका लागि तीनवटा कित्ता रहेको र त्यहाँ विभिन्न फलफूल तथा तरकारीका बीउ तथा बिरुवा उत्पादन गर्न विभिन्न ब्लक निर्माण गरिने जनाइएको छ ।

केन्द्रले बर्सेनि किसानलाई पुस र माघमा स्याउलगायतका फलफूलका बिरुवा वितरण गर्ने गर्छ । तर त्यस समय उपल्लो मुस्ताङका किसान जाडो छल्न बँसी झर्ने भएकाले त्यहाँ चैत, वैशाखमा मात्र स्याउका बिरुवा रोपण गर्ने गरिन्छ । उक्त समस्यालाई समाधान गर्न पनि उपल्लो मुस्ताङमा स्थापना हुने सेटलाइट

करिब ३०–३५ वर्षअघि मुस्ताङको थासाङ गाउँपालिकाको घाँसा, लेते र कुञ्जो क्षेत्रमा राम्रो स्याउ उत्पादन हुने गथ्र्यो, तर जलवायु परिवर्तनका कारण अहिले उक्त स्थानमा स्याउखेती हुन छाडेको पनि वर्षौंवर्ष भइसकेको छ । जलवायु परिवर्तन र बढ्दो तापमानका कारण उक्त स्थानमा स्याउको सट्टामा समशीतोष्ण हावापानीमा हुने किवीफल उत्पादन हुन थालेको छ ।

मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र २०२३ सालमा स्थापना भएको हो । फार्म स्थापनापश्चात मुस्ताङमा व्यावसायिक स्याउखेती प्रारम्भ भएको केन्द्रको भनाइ छ । मार्फाको बागवानी विकास केन्द्रले मुस्ताङका स्थानीय किसानलाई फलफूल तथा तरकारीको गुणस्तरीय बीउ र बिरुवा उत्पादन गरी बिक्री गर्ने गर्छ । हाल केन्द्रको कुल एक सय ९६ रोपनी जग्गा छ । जसमा मार्फामा एक सय ७५ रोपनी, घाँसामा २० रोपनी र जोमसोममा एक रोपनी जग्गा छ । केन्द्रले मार्फामा चारवटा ब्लकमा फलफूलका बिरुवा तथा तरकारी तथा सागसब्जीका बीउ उत्पादन गर्दै आइरहेको छ ।

# डिजिटल युगमा कन्याहरु असुरक्षित भइरहेकोमा चिन्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
डिजिटल युगमा कन्याहरु झन बढी असुरक्षित भइरहेका विषयमा वक्ताहरुले चिन्ता व्यक्त गरेका छन । तेरापंथ महिला मण्डल वीरगंजले सामाजिक जागरुकता अभिवृद्धिको उद्देश्यले ‘कन्या सुरक्षा सर्कल’ कार्यक्रमका बोल्दै वक्ताहरुले सामाजिक सञ्जाल, अनलाइन गेम, अनलाइन च्याट तथा मोबाइल एप्समार्फत हुने साइबर शोषण, ब्ल्याकमेलिङ तथा मानसिक दवाबका घटनाहरु तीव्र गतिमा बढिरहेको हुँदा कन्याहरुलाई आत्मरक्षा, डिजिटल साक्षरता, साइबर सुरक्षा र आत्मविश्वासका विषयमा मार्गदर्शन दिनुपर्ने आवश्यकता रहेको बताइएको छ । वीरगंजको शंखधर साख्वा पार्कमा आयोजित सर्कलको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले कन्याहरूको सुरक्षालाई सुनिश्चित गर्नु हाम्रो सबैको कर्तव्य रहेको बताए । उनले कन्याहरूको सुरक्षा, सम्मान र सशक्तीकरणलाई संस्थागत रूपमा अघि बढाउनु अत्यन्तै आवश्यक भएको भन्दै महिलामाथि भइरहेका हिंसा, दुर्व्यवहार तथा असमान व्यवहारविरुद्ध समाजलाई सजग बनाउन यस्तो अभियान महत्वपूर्ण हुने धारणा व्यक्त गरे । कार्यक्रममा तेरापंथ महिला मण्डलकी अन्तर्राष्ट्रिय अध्यक्ष सरिता डागाले कन्याहरूको संरक्षण, आत्मनिर्भरता र सामाजिक चेतनाको आवश्यकता उल्लेख गर्दै यस्तो अभियानले समाजमा सकारात्मक सन्देश फैलाउने विश्वास व्यक्त गरिन् । साथै उनले महिलाहरूलाई आत्मविश्वासी, शिक्षित र जागरूक बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने बताइन् । नेपाल स्तरीय जैन श्वेताम्बर तेरापंथ सभाका वरिष्ठ उपाध्यक्ष अशोक बैद्यले वर्तमान समाजमा कन्या सुरक्षाको महत्वलाई विशेष रूपमा उल्लेख गर्दै यस्तो कार्यक्रमले समाजमा चेतना फैलाउने विश्वास व्यक्त गरे । उनले कन्याहरूको संरक्षण मात्र नभइ सशक्तिकरण पनि समयको आवश्यकता रहेको भन्दै यस्ता अभियानले समाजमा सकारात्मक परिवर्तन ल्याउने बताए । यस्ता कार्यक्रमले बालिका तथा किशोरीहरुको आत्मरक्षा, आत्मविश्वास र अधिकारबारे जनचेतना फैलाउने विश्वास आयोजकले व्यक्त गरेका छन् । तेरापंथ महिला मण्डल वीरगंजकी अध्यक्ष बबिता खटेडको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, समाजसेवी, अभिभावक र स्थानीय जनसमुदायको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# एकसठ्ठी किलो सुन तस्करी प्रकरणमा फरार रोका पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट भन्सार राजस्व जाँच पास गरेर बाहिरिएको ६१ किलो सुन तस्करी प्रकरणमा फरार रहेकी अभियुक्त अमला रोकालाई पक्राउ गरेको छ । रोकालाई सीआइबीको टोलीले काठमाडौँबाट शुक्रबार पक्राउ गरेको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक युवराज खड्काले राससलाई जानकारी दिए । उनले भने, ‘रोका ६१ किलो सुन तस्करी प्रकरणमा जोडिएकी थिइन् । शुक्रबार हाम्रो टोलीले पक्राउ गरेको छ ।
उनी पक्राउ परेका बारेमा हामी प्रेस विज्ञप्ति निकाल्ने तयारीमा छौँ ।’ राजस्व अनुसन्धान विभागले २०८० साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार राजस्व जाँच पास गरेर बाहिरिएको ६१ किलो सुन बरामद गरेको थियो । पक्राउ परेकी रोका उक्त ६१ किलो सुनकाण्डमा मुछिएका बेल्जियम नागरिक दाबा छिरिङकी श्रीमती भएको र काठमाडौँको ठमेलस्थित होटेल भियना उहाँको नाममा दर्ता भएको बताइएको छ ।

# विद्युत् आपूर्तिमा सुधार नआए आन्दोलन गर्ने चेतावनी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा लगातार बढ्दो गर्मी र विद्युत आपूर्तिको चरम अव्यवस्थाले सर्वसाधारणको जनजीवन थप कष्टकर बनेको छ । अनियमित लाइन सप्लाई, भोल्टेजको समस्या र बारम्बारको पावर कटका कारण घरायसी मात्र नभई कृषि र उद्योग क्षेत्र समेत प्रभावित भएका छन् । यस समस्याप्रति ध्यानाकर्षण गराउँदै जनमत पार्टी, पर्सा जिल्ला समन्वय समितिले नेपाल विद्युत प्राधिकरण वीरगंज वितरण केन्द्रलाई औपचारिक पत्र बुझाएको छ । पार्टीका जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा गर्मीको समयमा विद्युत अव्यवस्था अत्यन्तै दुःखद र जनविरोधी भएको उल्लेख गरिएको छ । जनमत पार्टीले विद्युत आपूर्तिमा तत्काल सुधार नआए चरणबद्ध आन्दोलनमा जाने चेतावनीसमेत दिएको छ । प्राधिकरणको केन्द्रीय कार्यालय, काठमाडौँमा समेत उक्त पत्रको बोधार्थ पठाइएको जनाइएको छ । स्थानीयवासीहरूका अनुसार विद्यालय, अस्पताल, साना व्यवसाय र सर्वसाधारण सबै यस समस्याबाट पीडित छन् ।

# पोखरिया–५ मा सडक ढलानको शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर–५ सतवरियामा शुक्रबार पोखरियाका मेयर प्रदुमन प्रसाद चौहान र उपमेयर रुवी कुमारी ठाकुरले संघ सरकारको २ करोड ८० लाखको लागतमा १ हजार ४ मिटर लम्बाई र ६ मिटर चौडाई सडक ढलान तथा कालोपत्ते र ३९४ मिटर नाला निर्माणको संयुक्त शिलान्यास गरेका छन् । रु रु कन्सट्रक्सनले सकार गरेको ठेकाको निर्माण कार्य कमल मुखिया विनको घरदेखी नहरहुँदै कालोपत्ते, लक्ष्मण सिंह खवासको घरदेखी राधाकृष्ण मन्दिरसम्म कालोपत्ते, दलित बस्ती नजिक रहेको मस्जिददेखी स्लैब कलभर्टसम्म र मन्सुर मियाको घरदेखी नहर हुँदै ग्राभेल रोडसम्म ढलान हुनेछ । शिलान्यास कार्यक्रममा बोल्दै मेयर चौहानले इस्टिमेट अनुसारको काम गर्न ठेकेदारलाई निर्देशन दिँदै समयमा काम सम्पन्न गर्न आग्रह गरे । निर्माणको काममा ठेकेदार वा निर्माण कम्पनीले लापरवाही गरे कडा कारवाही गर्ने उनले बताए । उनले निर्माणकार्यको निगरानी गर्न स्थानियसंग आग्रह गरे ।
वडा नम्बर–५ का वडा अध्यक्ष महेन्द्र महतो चाईको अध्यक्षतामा भएको सडक ढलान, सडक कालोपत्ते र नाला निर्माणको शिलान्यास कार्यक्रममा उपमेयर रुवी कुमारी ठाकुर, प्रमुख प्रसासकिय अधिकृत रामविनय कुमार सिंह, इन्जिनियर सुमित प्रसाद यादव, अखिलेस प्रसाद चौरसिया, ज्ञानेन्द्र यादव, ह्दियलाल साहलगायत स्थानियहरुको सहभागिता रहेको थियो ।

# मिडिया काउन्सिलको सदस्यमा चार जना नियुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले लामो समयदेखि रिक्त रहेको मिडिया काउन्सिलको सदस्य पदहरूमा चार जनालाई नियुक्त गरेसँगै काउन्सिलले पूर्णता पाएको छ ।
नियुक्त हुनेहरूमा धनुषाका सुरेश यादव, धनुषाकै रिंकु मिश्र, सर्लाहीकी बन्दना झा र सप्तरीका मन्नु पासमान रहेका छन् । मधेश प्रदेश मिडिया काउन्सिलको मुख्य जिम्मेवारीमा प्रदेशभित्रका सञ्चार माध्यमहरूलाई नियमन गर्ने, पत्रकार आचारसंहिताको पालना गराउने, पत्रकारहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने र सञ्चार माध्यमहरूको स्वतन्त्रतालाई सुनिश्चित गर्ने लगायतका कार्यहरू पर्दछन् ।
चार जना नयाँ सदस्यको नियुक्तिसँगै काउन्सिलले पूर्णता पाएकोले अब यसका कार्यहरू थप सक्रियताका साथ अगाडि बढ्ने विश्वास गरिएको छ ।

# फेटा गाउँपालिकाले सार्वजनिक गर्यो ४० करोडको बजेट

**मधेशदृष्टि**
**बारा ।**
फेटा गाउँपालिकाको १६औं गाउँसभा शुक्रबार सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८२÷८३ का लागि ४० करोड ९ लाख २२ हजार ३४४ रुपैयाँको बजेट सर्वसम्मतिले पारित गरेको छ । गाउँपालिकाका अध्यक्ष रुस्तम अंसारीले आगामी वर्षका लागि नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरेका हुन् । उनले समावेशी विकासलाई केन्द्रमा राख्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखिएको जानकारी दिए । बजेटमा



विद्यालय सुधार, छात्रवृत्ति प्रदान तथा डिजिटल शिक्षण उपकरणको उपलब्धतामार्फत शिक्षालाई प्रविधिमैत्री बनाउने लक्ष्य राखिएको छ । स्वास्थ्य क्षेत्रमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गरी गुणस्तरीय तथा सर्वसुलभ सेवा सुनिश्चित गरिने उल्लेख छ । कृषकलाई बीउबिजन, अनुदान र सिँचाइ पूर्वाधार प्रदान गर्न बजेट विनियोजन गरिएको छ । साथै, सडक, खानेपानी, विद्युत् तथा सरसफाइजस्ता आधारभूत पूर्वाधारको विकासमा पनि विशेष ध्यान दिइने भएको छ । अध्यक्ष अंसारीले बजेट निर्माणमा वडास्तरीय जनप्रतिनिधि तथा नागरिकहरूको सुझाव समेटिएको जानकारी दिँदै बजेट कार्यान्वयनमा पारदर्शिता, अनुगमन प्रणाली र जनसहभागितालाई सशक्त बनाइने प्रतिबद्धता जनाए । गाउँसभामा उपाध्यक्ष निलम साह, प्रमुख प्रशासकीय अधिकृत पूर्णप्रसाद तिवारी, लेखा प्रमुख भोला यादव, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, वडा सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# लहान नगरपालिकाले ल्यायो एक अर्ब ६७ करोडको बजेट

**सिरहा ।**
सिरहाको लहान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि एक अर्ब ६७ करोड ९५ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार नगरसभाको १६औँ अधिवेशनमा प्रस्तुत गरको बजेटमा चालुतर्फ ७९ करोड ४० लाख अर्थात ४७.२८ प्रतिशत र पुँजीगततर्फ ८८ करोड ५५ लाख २८ हजार अर्थात कूल बजेटको ५२.७२ प्रतिशतको बजेट प्रस्तुत गरेका हुन् । यसअन्तर्गत शिक्षातर्फ २३ करोड ५८ लाख, स्वास्थ्यतर्फ २७ करोड ९३ लाख, कृषितर्फ आठ करोड ६६ लाख र पूर्वाधारतर्फ ५० करोड विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए । नगरपालिकाको आन्तरिक आय २५ करोड हुने अनुमान गरिएको छ । सार्वजनिक नीति तथा कार्यक्रम र बजेटमा नगरप्रमुख महेशप्रसाद चौधरीले ‘हाम्रो लहान–सुन्दर, समुन्नत र सभ्य लहान’ निर्माणको नारालाई मूलमन्त्रका रूपमा अगाडि सारिएको बताए । नगरप्रमुख चौधरीले आफू निर्वाचित भए यता विगत तीन वर्षमा पूर्वाधार एवम् शहरी विकास, कृषि तथा सिँचाइ, शिक्षा तथा स्वास्थ्य, पर्यटन तथा रोजगार र लागुपदार्थ दुव्र्यसन विरुद्ध विशेष फड्को मारेको जिकिर गरे । उनले आगामी बाँकी दुई वर्षे कार्यकालमा थप तथा नवीनतम कार्यहरु गर्ने लक्ष्य राखी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउन स्थानीय उत्पादनलाई बढावा दिनेगरी बजेटमा समेटिएको जानकारी दिए ।रासस

# रौतहटमा ४५ लाखको अबैध सामानसहित ट्रक बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रनिगाहपुरमा प्रहरीले विशेष चेकजाँच अभियानका क्रममा ४५ लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको अबैध सामान बोकेको ट्रक नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय गौर र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले शुक्रबार बिहान करिब ४ बजे चन्द्रपुर नगरपालिका–४ स्थित चन्द्रनिगाहपुर नजिकै ट्रक जाँच गर्ने क्रममा बिना बिल र कागजात रहेको ठूलो मात्रामा सामान फेला पारेको हो । ना ४ ख ७८६७ नम्बरको उक्त ट्रकबाट किराना र रेडिमेड कपडालगायतका सामग्रीहरू बरामद गरिएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुमान अनुसार बरामद सामानको मूल्य ४५ लाख ५६ हजार रुपैयाँको हाराहारीमा रहेको छ । प्रहरीले ट्रक चालक हरिहरनगर नगरपालिका–१ का २० वर्षीय जय दास सत्तियलाई पनि नियन्त्रणमा लिएको छ ।
ट्रक र चालक दुवैलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैया पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी दीपक कुमार रायले जानकारी दिए । उनका अनुसार सामानहरू राजस्व छलेर भित्र्याउने प्रयास भएको हुन सक्ने आशंकामा अनुसन्धान शुरु गरिएको छ ।

# बेलहियामा किसानलाई कृषि सामग्री वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको प्रसौनी गाउँपालिका–६ बेलहियामा शुक्रबार कृषकहरूलाई विभिन्न कृषि सामग्री वितरण गरिएको छ । श्री जनहित कृषक समूह बेलहियाको आयोजनामा र प्रसौनी गाउँपालिकाको सहकार्यमा सम्पन्न कार्यक्रममा स्थानीय किसानहरूलाई उन्नत कृषि उपकरण तथा सामग्री प्रदान गरिएको हो । कार्यक्रममार्फत किसानहरूलाई मोटर, स्प्रेयर ट्यांकी, जैविक मल (जाइम, फलवार, चार्जर स्प्रे), तरकारी बिउ (मुला, लौका, बोडी), जिंक, मल्चिङ रोल तथा इभी लोडर वितरण गरिएको समूहका अध्यक्ष शिवनन्दन प्रसाद कुशवाहाले जानकारी दिए । उनका अनुसार सामग्री वितरणको उद्देश्य किसानहरूको उत्पादन क्षमता वृद्धि गर्नु हो । कार्यक्रमको अध्यक्षता जनहित कृषक समूहका अध्यक्ष कुशवाहाले गरेका थिए । प्रमुख अतिथिको रूपमा प्रसौनी गाउँपालिकाका अध्यक्ष विनोद प्रसाद जस्वाल तथा विशिष्ट अतिथिको रूपमा उपाध्यक्ष किरण देवी यादव, प्रमुख प्रशासकीय अधिकृत श्यामकिशोर प्रसाद, कृषि शाखा प्रमुख सुनिल महतो, सहायक रुपनारायण महतो तथा समाजसेवी प्रदीप साहको उपस्थिति थियो । कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष जस्वालले स्थानीय उत्पादनलाई प्रवद्र्धन गर्न र किसानलाई आत्मनिर्भर बनाउने उद्देश्यले कृषि सामग्री वितरण गरिएको बताए । उनले गाउँपालिकाले आगामी दिनमा पनि कृषिमा नवप्रविधिको प्रयोग र बजेटको प्राथमिकता दिने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा प्रसौनी गाउँपालिकाका विभिन्न वडाबाट सहभागी किसानहरूले सामग्री पाउँदा आफूहरू उत्साहित भएको प्रतिक्रिया दिएका छन् । जनहित कृषक समूहले आगामी दिनमा थप सहजीकरण तथा तालिममार्फत किसानलाई थप सहयोग गर्ने जनाएको छ ।

# पेट्रोलियम पाइपलाइन परियोजनाको काम जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनको सहकार्यमा निर्माणाधीन दुई पेट्रोलियम पाइपलाइन परियोजनाको काम तीव्र गतिमा अगाडि बढिरहेको छ । भारत सरकारको अनुदानमा सञ्चालित यी परियोजनाहरू नेपालका लागि रणनीतिक रूपमा महत्वपूर्ण मानिएका छन् । नेपाल–भारत सीमावर्ती क्षेत्रमा निर्माण हुने ५० किलोमिटर लामो ‘सिलिगुडी–चारआली (झापा)’ पाइपलाइन र त्यसै स्थानमा निर्माण गरिने १९ हजार किलोलिटर क्षमताको ‘स्मार्ट ग्रीनफिल्ड टर्मिनल’ को लागत करिब १५ अर्ब रुपैयाँ हुनेछ, जुन भारतले अनुदानस्वरूप दिनेछ । त्यस्तै, ‘अमलेखगञ्ज–चितवन (लोथर)’ खण्डमा निर्माण गरिने ६२ किलोमिटर पाइपलाइन आयल निगमको लगानीमा निर्माण हुँदैछ । यसको लागत ९ अर्ब २५ करोड रुपैयाँ रहनेछ । निर्माणको जिम्मेवारी इन्डियन आयल कर्पोरेशनले लिएको छ । दुवै परियोजनाको लागि पाइपलाइन बिछ्याउने मार्गको सर्भे सकिएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया पनि सम्पन्न हुने चरणमा छ ।

# उमेश दुबेको बलियो दाबी

**राहुल गुप्ता**
**बारा ।**
बारा जिल्लाको फेटा गाउँपालिकामा स्थानीय तह निर्वाचन नजिकिँदै गर्दा राजनीतिक माहोल तातिन थालेको छ । यसै क्रममा ‘मिशन २०८४’ अभियान अघि सार्दै उमेश दुबेले मेयर पदमा आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । समाजसेवामा लामो अनुभव, युवाशक्तिसँगको सहकार्य र पारदर्शी नेतृत्वको प्रतिबद्धतासहित दुबे फेटाको



समृद्धि र विकासका लागि अघि सरेका छन् । गाउँको समग्र रुपान्तरणलाई लक्षित गर्दै उनले शिक्षामा सुधार, स्वास्थ्य सेवाको पहुँच, कृषिमा प्रविधिको प्रयोग, बेरोजगार युवालाई स्वरोजगारमा जोड्ने योजना र ई–गभर्नेन्स प्रणालीलाई आफ्नो प्रमुख एजेन्डा बनाएका छन् । ‘अब विकासमा वाचा होइन, परिणाम चाहिन्छ,’ दुबेले भने, ‘मिशन २०८४ मेरो व्यक्तिगत सपना होइन, यो सम्पूर्ण फेटावासीको समृद्धिको साझा अभियान हो ।’ स्थानीय स्तरमा दुबे जनसम्पर्क, इमानदार छवि र युवा तथा बुद्धिजीवी वर्गसँगको समन्वयका लागि चिनिने नाम हुन् । उनका समर्थकहरूका अनुसार उनी यथार्थमा ‘सेवा, नेतृत्व र परिवर्तन’ को मिसन लिएर मैदानमा उत्रिएका छन् । फेटा गाउँपालिकामा अहिले जनताले नयाँ विकल्पको खोजी गरिरहेका बेला उमेश दुबेले प्रस्तुत गरेको योजना र दृष्टिकोणले गाउँमा नयाँ राजनीतिक तरंग ल्याएको देखिन्छ । ‘मिशन २०८४’ ले दुबेलाई मात्र नभइ समग्र गाउँपालिकालाई नै नयाँ दिशा दिने विश्वास गरिएको छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठवरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घर भन्दा टाढा राखौं ।

देवताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढी गोठ, बारा
मधेश प्रदेश नेपाल

# मधेश प्रज्ञा–प्रतिष्ठानको स्थापना दिवस पुरन्दाहामा मनाइयो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको संस्कृति, भाषा, साहित्य र पहिचान संरक्षणको उद्देश्यसहित स्थापना गरिएको मधेश प्रज्ञा–प्रतिष्ठानको स्थापना दिवस शुक्रबार मिथिलाबिहारी नगरपालिका–२ पुरन्दाहा स्थित कल्चरल भिलेजमा मनाइएको छ । प्रतिष्ठानको यो तेस्रो स्थापना दिवस हो । प्रतिष्ठानका अध्यक्ष रामभरोश कापडीको अध्यक्षता र मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मधेश प्रदेशभरिका भाषा, साहित्य, कला, संस्कृति र सामाजिक क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूको उपस्थिति थियो । कार्यक्रममा सम्बोधन गर्दै मन्त्री शर्माले अघिल्लो सरकारको समयमा प्रतिष्ठानलाई नामेट पार्ने प्रयास भएको उल्लेख गर्दै भनिन्, 'प्रतिष्ठानलाई खारेज गर्ने निर्णयसम्म गरिएको थियो । तर, मैले त्यो निर्णयलाई खारेज गरेर मन्त्रीपरिषद्मा लगेकी छैन । स्थापना पश्चात ११ महिनासम्म कर्मचारीहरू तलबविहीन रहे, अहिले भने बजेट विनियोजन गरिएको छ ।' उनले प्रतिष्ठानको पुनस्थापनाका लागि आफूले लिएको अग्रसरतालाई स्मरण गरिन् । त्यस्तै, कार्यक्रमका विशिष्ट वक्ता तथा नीति आयोगका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झाले मधेश प्रज्ञा–प्रतिष्ठानको भूमिकालाई थप स्पष्ट पार्दै भने, 'सरकारले गठन गरेको संस्था हो भने यसको स्वामित्व पनि सरकारले लिनुपर्छ ।
मधेशका विविध सांस्कृतिक सम्पदा र कलालाई संरक्षण गर्न प्रतिष्ठानको भूमिका महत्वपूर्ण छ ।' प्रतिष्ठानका अध्यक्ष कापडीले अहिलेसम्मको प्रगति विवरण प्रस्तुत गर्दै प्रदेश सरकारबाट बजेटसहितको थप जिम्मेवारी आएमा प्रतिष्ठानले तत्काल कार्यान्वयन गर्ने तयारी गरिसकेको जानकारी दिए । कार्यक्रममा कला, संगीत, नाटक, ललितकला, अनुसन्धान, भाषा र साहित्यको क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरूको सराहना गरिएको थियो ।

प्रतिष्ठानले आगामी दिनहरूमा मधेशको भूगोल, इतिहास र पहिचानलाई अनुसन्धानमूलक कृतिको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलाउने योजना बनाएको पनि जनाएको छ । स्थापना दिवसको अवसरमा एकदिने अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी विद्वान तथा सर्जकहरूले मधेशको मौलिकता जोगाउन प्रतिष्ठानले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिएका थिए ।

# जनकपुरधामका २५ वडामा न्यायिक समिति सम्बन्धि सडक नाटक प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा स्थानीय तहको न्यायिक समितिको भूमिका, अधिकार र कानुनी सेवाबारे जनचेतना फैलाउने उद्देश्यसहित २५ वटै वडामा सडक नाटक सफलतापूर्वक सम्पन्न गरिएको छ । धनुषा जिल्लामा पहिलो पटक गरिएको यस अभियान अन्तर्गत वडा नं. १७ तेतरिया बजारबाट नाटकको शुभारम्भ गरिएको थियो । नाटकले स्थानीय तहमा देखिने स–साना विवाद कसरी न्यायिक समितिमार्फत समाधान गर्न सकिन्छ भन्ने विषयलाई प्रस्तुत गर्यो ।
उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले नाटकमार्फत उजुरी दर्ता प्रक्रिया, न्यायिक समितिको सीमित अधिकार र समाधान गर्न सकिने विवादका प्रकारहरू सहज र प्रभावकारी रूपमा प्रस्तुत गरिएको बताउँदै जनचेतना फैलाउने अभियानका रूपमा यसले कानुनी पहुँच र न्यायप्रतिको जागरूकता बढाएको उल्लेख गरे । नाटक



जनकपुरधामका २५ वटै वडामा क्रमशः रेल्वे स्टेशन, शिवचौक, डिहबार मन्दिर, रामचौक, महावीर चौक, गिरनारी कुट्टी, बल्बा टोल, थापा चौक, जानकी चौक (तरकारी बजार), लक्ष्मण अखाडा, हनुमाननगर, मणि मण्डप, मुजेलिया, सुब्बा पोखरी, कचहरी, महुवा, थुमौना, रुपैठा, कुर्था, बसबिट्टी, बेला, बसहिया मठ र लोहनामा प्रदर्शन गरिएको थियो । नाटकमा रामनारायण ठाकुर, गङ्गा कान्त झा, राम कैलाश ठाकुर, सुरेन्द्र राय, अनिता रानी मण्डल, राजेश सक्सेना, सपना साह, शिवानी मिश्र र रोशनी कर्णले अभिनय गरेका थिए । नाटकका लेखक तथा निर्देशक रमेश रञ्जन झाका अनुसार नाटकले न्यायिक समितिको कार्यक्षेत्र र यसको पहुँच नागरिक तहसम्म पुर्याउने र सहभागिता बढाउने उद्देश्य राखेको थियो । उपमहानगरले न्यायिक प्रक्रियामा स्थानीय समुदायको विश्वास बढाउने र कानुनी चेतना विस्तार गर्ने दीर्घकालीन रणनीति अनुरूप यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# पैसा लिएर नाबालिका छोरीको विवाह गर्ने आमा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नाबालिका छोरीलाई भारतीय नागरिकसँग विवाह गराएबापत रकम लिएको आरोपमा शुक्रबार प्रहरीले महिलालाई पक्राउ गरेको छ । पोखरिया नगरपालिका, शिबर्वाकी महिलाले रकम लिएर आफ्नै नाबालिका छोरी भारतीय नागरिकसँग विवाह गराएकी हुन् ।

आमाले नै बालविवाह गराएको भन्दै जाहेरी परेपछि उनी पक्राउ परेकी हुन् । बाल र अन्तरजातीय विवाह गरेको आरोपमा उनीहरु पक्राउ परेकी छिन् ।
पीडित नाबालिकाको हजुरबुवाले बुहारीसहित पाँच जना मिलेर नातिनीको बालविवाह गराएको जाहेरी दिएका थिए ।

जाहेरीमा ४ लाख ८० हजार रुपैयाँ लिएर आमासहित ५ जनाले नाबालिकालाई प्रलोभनमा पारी बालविवाह गर्न लगाएको पाइएको छ । जेठ २३ गते १३ वर्षीया नातिनीलाई विभिन्न प्रलोभनमा पारी भारतको छपवा सुगौलीमा लगिएको र मेरो बुहारीसहित गाउँका पाँच जनाको संयुक्त योजनामा भारतीय सुनिल तिवारीसँग नगद ४ लाख ८० हजार रुपैयाँ लिएर जबरजस्ती विवाह गराइएको भन्दै हजुरआमाले नै प्रहरीमा उजुरी गरेपछि घटना बाहिर आएको हो ।
नाबालिकाका बुबा कामको सिलसिलामा भारतमै छन् ।

# दुर्गा भगवती गाउँपालिकाका पूर्वअध्यक्षसहित तीन जनाविरुद्ध पक्राउ पुर्जी

**मधेशदृष्टि**
**रौतहट ।**
जग्गा कारोबारका नाममा करोडौं रकम ठगी गरेको अभियोगमा रौतहटको दुर्गा भगवती गाउँपालिकाका पूर्वअध्यक्ष अरुण साहसहित तीन जनाविरुद्ध जिल्ला अदालत रौतहटले पक्राउ पुर्जी जारी गरेको छ ।

इलाका प्रहरी कार्यालय गरुडाले ठगीसम्बन्धी उजुरीको आधारमा जेठ १३ गते अदालतमा अनुसन्धान अनुमति माग गरेपछि अदालतले



पूर्वअध्यक्ष साह, काठमाडौंका विमला देवी श्रेष्ठ र धिरज श्रेष्ठलाई पक्राउ गर्न अनुमति दिएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी राजन कार्कीका अनुसार तीनै जनालाई पक्राउ गर्न आवश्यक प्रक्रिया अघि बढाइएको छ । उजुरीदाता गरुडा नगरपालिका–६ पोठियाहीका सन्तोष कुमार चौधरीका अनुसार उनले सर्लाहीको हरिपुर–७ मा रहेको जग्गा खरिद गर्न काठमाडौं निवासी विमला र धिरज श्रेष्ठसँग सम्झौता गरेका थिए । उक्त सम्झौता बमोजिम चौधरीले नगद र चेकमार्फत गरी कुल १ करोड ४३ लाख ५० हजार रुपैयाँ बुझाएका थिए । जग्गा पास गर्ने क्रममा पटक–पटक ढिलाइ र आलटाल हुँदै आएपछि चौधरीले आफू ठगीमा परेको दाबी गर्दै इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिएका थिए । विशेषगरी उक्त कारोबारमा संलग्न पूर्वअध्यक्ष अरुण साहलाई पनि चौधरीले आफ्ना ससुराको नामको चेकमार्फत १० लाख रुपैयाँ दिएको प्रमाण प्रहरीलाई बुझाइएको छ । प्रहरीले हाल तीनै जनालाई पक्राउ गर्ने तयारी गर्दै अनुसन्धान प्रक्रिया अगाडि बढाइरहेको छ ।

# सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा तीन जनाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको हुलाकी सडक खण्डमा मोटरसाइकल र साइकल एक आपसमा ठोक्किँदा तीन जनाको मृत्यु भएको छ । शुक्रबार साँझ सिरहा नगरपालिका–१८ स्थित सडकखण्डमा भएको दुर्घटनामा मोटरसाइकल चालकसहित तीन जनाले ज्यान गुमाएका हुन् । पूर्वबाट पश्चिमतर्फ गइरहेको प्रदेश २–०१–००३–प ३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको साइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जानकारी दिएको छ । दुर्घटनामा ज्यान गुमाउनेहरूमा सिरहा कल्याणपुर नगरपालिका–२ बेल्हाका २२ वर्षीय प्रदीप मुखिया, कल्याणपुर–१२ का २४ वर्षीय नरेश मुखिया र सिरहा नगरपालिका–२ का ५० वर्षीय कुसे राय रहेका छन् । घाइते तीनै जनालाई तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पुर्याइएको भए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । मृतकहरूको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ ।

# महोत्तरी गाउँपालिकाको बजेट ४३ करोड ९४ लाख

**महोत्तरी ।**
महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ४३ करोड ९४ लाख ७३ हजार छ सय २४ बराबरको बजेट प्रस्तुत गरेको छ ।

महोत्तरी गाउँपालिकाद्वारा आयोजित १३ औँ गाउँसभामा अध्यक्ष दिलीपकुमार पाण्डेले भने, 'समृद्ध नेपाल, सुखी नेपालीको नारा मूलमन्त्र मान्दै 'समृद्ध गाउँपालिका, सुखी गाउँपालिकावासी' बनाउने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ लागि ४३ करोड ९४ लाख ७३ हजार छ सय २४ बराबर बजेट प्रस्तुत गरेको छु ।' उनका अनुसार पालिकाले सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट नौ करोड ५२ लाख, सशर्त अनुदानबाट १४ करोड ५३ लाख, विशेष अनुदानबाट एक करोड र समपुरक अनुदानबाट एक करोड पाँच लाख प्राप्त हुने देखाइएको छ । त्यसैगरी प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानबाट ६६ लाख आठ हजार, सशर्त अनुदानबाट ८० लाख, विशेष अनुदानबाट ३० लाख र समपुरक अनुदानबाट २० लाख प्राप्त हुनेछ । सङ्घीय सरकारको राजस्व बाँडफाँटबाट आठ करोड ३९ लाख ४९ हजार एक सय ८४, प्रदेश सरकारको राजस्व बाँडफाँटबाट ४९ लाख १६ हजार चार सय ४० र आन्तरिक स्रोतबाट सात करोड जुट्ने भएको छ । गाउँपालिकाले प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमा गौरवको आयोजनामा गाउँपालिकादेखि सबै वडा हुँदै जिल्ला सदरमुकाम जलेश्वरसम्म पुग्ने बाटोमा ५ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने कार्यक्रमलाई अघि सारेको छ । महत्त्वपूर्ण तथा महत्वकांक्षी योजनामा स्थानीय समुदायसँगको सहकार्यमा १५ शैय्याको अस्पताल निर्माणको लागि जग्गा प्राप्ति, छ हजार घर परिवारलाई एक घर एक विद्युतीय चुल्हो वितरण, गाउँपालिकाको सबै वडाको मुख्यमुख्य चौकमा सिसीटीभी जडान, वाइफाइ फ्री जोन बनाइनेलगायत कार्यक्रम राखिएको छ । त्यस्तै प्रत्येक वडामा शुद्ध खानेपानी, पार्क निर्माण, किसानका लागि शितगृह निर्माण, डीप ट्युववेल जडान, बजार व्यवस्थापनलगायत कार्यक्रमलाई गाउँपालिकाले महत्त्वका साथ अगाडि बढाउने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । रासस

# रारावका दुई विद्यार्थी नेता पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको रामसागर रामस्वरूप बहुमुखी (राराब) क्याम्पसका दुई जना विद्यार्थी नेता पक्राउ परेका छन् । राराबका स्ववियु सभापति मनिष यादव र चमनप्रसाद गोइत पक्राउ परेका हुन् । बीबीएस तेस्रो वर्षका विद्यार्थीलाई परीक्षा प्रवेश पत्र बाँड्न ढिलाइ भएपछि क्याम्पस प्रमुख वसन्त कर्णसँग विवाद भएको थियो । प्रहरी विवाद साम्य पार्न खोज्दा विद्यार्थी नेताहरुले उनीहरूसँग पनि अभद्र व्यवहार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वरुणबहादुर सिंहले जानकारी दिए । उनका अनुसार प्रहरी निरीक्षक जिवछ सिंहको औंला भाँच्चिएको छ । विद्यार्थीहरु क्याम्पस चोकमा विद्यार्थी नेताको रिहाइको माग गर्दै सडक जाम गरेर प्रदर्शन गरेका थिए । राराबमा यस वर्ष बीबीएस तेस्रो वर्षमा १२ सय विद्यार्थी परीक्षा दिँदैछन् । प्रवेशपत्र काठमाडौंबाट आउन नै ढिलाइ हुँदा वितरणमा पनि ढिलाइ भएको क्याम्पस प्रमुख कर्णको भनाइ छ । शुक्रबारदेखि शुरु भएको बीबीएस तेस्रो वर्षको परीक्षाको प्रवेशपत्र वितरणमा ढिलाइ गरिएपछि उत्पन्न विवादले उग्र रूप लिएको थियो । केही विद्यार्थीहरुको प्रवेश पत्र क्याम्पसमा नभेटेपछि स्ववियु सभापति मनिष यादवलाई जानकारी गराएका थिए । यादवले क्याम्पस प्रमुख कर्णलाई प्रवेश पत्रबारे सोध्दा उनले गैरजिम्मेवारीपूर्वक जवाफ दिएको विद्यार्थीहरुको आरोप छ । क्याम्पस प्रमुखको जवाफले आक्रोशित बनेका विद्यार्थीहरुले क्याम्पस प्रमुखसंग विवाद गर्न लागेपछि प्रमुखले प्रहरीलाई खबर गरेका थिए ।

# सप्तरीमा मिटरब्याज पीडितको ग्राफ बढ्दै

**मधेशदृष्टि**
**सप्तरी ।**
आर्थिक समस्यामा परेर साहु महाजनकहाँ मिटरब्याजमा ऋण लिएका पीडितहरुको संख्या सप्तरीमा बढ्दै गएको पाइएको छ । जिल्लामा अहिलेसम्म २ हजार ७ सय ९४ जना पीडितहरुबाट प्रहरी प्रशासनमा उजुरी परेको तथ्याङ्क सार्वजनिक भएको छ । जसमध्ये अहिलेसम्म ५ सय ८ वटा उजुरी मात्र फछ्र्यौट भएको छ । दुई हजार २ सय ८६ उजुरी फछ्र्यौट गर्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ । प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले अब नयाँ व्यवस्था अनुसार बाँकी रहेका उजुरीहरुको फछ्र्यौट जिल्ला प्रशासन कार्यालयबाट हुनेछ । हालसम्म फछ्र्यौट भएका उजुरीमध्ये १ सय ४२ वटामा सहमतिमार्फत, ३८ वटा मुद्दा दर्तामार्फत तथा बाँकी कानुनी प्रक्रिया अनुसार फछ्र्यौट भएको उनको भनाइ छ । यसअघि जिल्ला प्रहरी कार्यालयमार्फत अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी, छानबिन तथा फछ्र्यौट गर्ने काम हुँदै आएकोमा अब जिल्ला प्रशासन कार्यालयबाट हुने भएको हो । जिल्ला प्रशासन कार्यालय सप्तरीले दुई दिनअघि सूचना जारी गर्दै अब जिल्लाभित्र हुने अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सम्पूर्ण उजुरी, छानबिन तथा फछ्र्यौट कार्यहरु हुने जानकारी गराएको थियो ।

# राजस्व कार्यालय वीरगंजद्वारा लक्ष्यभन्दा बढी राजस्व संकलन

**वीरगंज ।**
आन्तरिक राजस्व कार्यालय वीरगंजले चालु आर्थिक वर्ष २०८१÷८२ को ११ महिनामा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ । आन्तरिक राजस्व विभागले कार्यालयलाई चालु आवको जेठ मसान्तसम्मको अवधिमा सात अर्ब ५१ करोड ६४ लाख ६५ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेकामा कार्यालयले यो अवधिमा आठ अर्ब ५२ करोड नौ लाख ८९ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईंले चालु आवको ११ महिनामा लक्ष्यको ११३.३६ प्रतिशत राजस्व सङ्कलन गरेको बताए । कार्यालयले चालु आवको ११ महिनामा अन्तःशुल्क करतर्फ दुई अर्ब ८४ करोड ६५ लाख ५३ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा लक्ष्यको १४२.२८ प्रतिशत अर्थात् चार अर्ब पाँच करोड ३८ हजार राजस्व सङ्कलन गरेको छ । त्यस्तै कार्यालयले चालु आवको ११ महिनामा आयकरतर्फ दुई अर्ब ३२ करोड ४८ लाख ४८ हजार लक्ष्य रहेकामा सो अवधिमा दुई अर्ब ५५ करोड ५९ लाख ९४ हजार राजस्व संकलन गरेको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन